# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभुमि

मानव विकासको महत्वपूर्ण र आधारभूत पक्ष शिक्षा हो । त्यसैले यसलाई राष्ट्र विकासको मेरुदण्ड पनि भनिन्छ । शिक्षाबाट व्यक्तिले आफू लगायत परिवार, समाज, राष्ट्र सबैलाई परिवर्तन गर्ने प्रेरणा, क्षमता र ज्ञान आर्जन गर्न सक्छ । हरेक मुलुकका जनताको जीवनस्तर माथि उठाउन प्रगति, सम्बृद्धि तथा समग्र राष्ट्र विकासको निम्ति आत्मबल अभिवृद्धि गर्नुका साथै अनुशासित, श्रमशील, योग्य, समक्ष र प्रतिभावान नागरिक तयार गर्ने काम शिक्षाले गर्दछ । नेपालको शिक्षा विकासको ऐतिहासिक क्रमलाई हेर्दा प्राचीन नेपालमा शिक्षा फैलाउने काम आर्यहरुको गुरुकुल र बौद्ध विहार, गुम्बाहरुबाट भएको पाइन्छ । गुरुकहाँ गई चेलाहरु ज्ञानगुणका कुराहरु सिक्दथे । त्यस बखत औपचारिक शिक्षाको अस्तित्व थिएन । नेपाली समाज विभिन्न जातमा विभाजित छ । यस्तो जातीय विभाजनले समाजमा विभिन्न तहहरु सिर्जना गरेको छ । यी तहरुबीच सानो र ठूलो भन्ने भावना विद्यमान छ । कतिपय सामाजिक व्यावहार देखि लिएर विवाह समेत आफ्नै जातभित्र सिमित रहेको पाइन्छ । यहाँसम्म कि विभिन्न जातहरुबीच छुवाछुतको भावना समेत विद्यमान छ । पानी चल्ने र पानी नचल्ने भनेर नेपाली समुदायलाई विभेद गर्ने परम्पराका छापहरु अझसम्म पनि बाँकी नै छन् । यसरी नेपाली समाज जातप्रथाका कारण विभाजित भई तहगत श्रृंखलामा बाँडिएको छ ।

जात भनेको के हो र यसको उत्पति कसरी भयो भन्ने सम्बन्धमा मतभिन्नताहरु पाईन्छन् । जातको उत्पति कसरी भयो भन्ने सम्बन्धमा विभिन्न सिद्धान्तहरु रहेका छन् । जातको उत्पति सम्बन्धी परम्परागत सिद्धान्तले जात प्रथाको उत्पति ऋग्वेदको पुरुशुक्त (१०-०-१२) अनुसार विभाजित वर्णाश्रम व्यवस्थामा आधारित भएको बताउँछन् । वर्णाश्रम

व्यवस्थाले चार वर्ण अन्तर्गतका उपवर्ग वा विस्तारित स्वरुपका रुपमा जात प्रथालाई लिएको देखिन्छ । जातप्रथाको उत्पति सम्बन्धी राजनीतिक सिद्धान्तले पुशशुक्तका आधारमा केही राजनीतिज्ञहरुले मानव जातीलाई विभाजन गरी आफ्नो स्वार्थपूर्ति उद्देश्यले जात प्रथाको सुरुवात गरेको भनेको छ । जातप्रथाको उत्पति सम्बन्धी यस्तो विचार डुबोइस, कोइराला सन् १९९६ मा उद्धृतले प्रारम्भ गरेका हुन् (किसान, २०५८:०९) ।

जातप्रथाको उत्पति सम्बन्धी आपराधिक सिद्धान्त अनुसार समाजमा अपराध गरी सामाजिक बहिष्कार गरेपछि सो बहिष्कृत व्यक्ति वा समुह र तिनका सन्तानलाई दिइने नाम नै जातको आधार हो । प्रारम्भ कालमा वा व्यवसायका आधारमा वर्णको व्यवस्था भएको पाइन्छ । तापनि ब्राम्हण, क्षेत्रीय, वैश्य र शुद्र मध्ये शुद्रलाई अरुको सेवा गर्ने वर्गका रुपमा चित्रित गरी सामाजिक विभेद र असमानतालाई वैधानिकता प्रदान गरिएको देखिन्छ । ऋग्वेदको पुरुशुक्तमा वर्ण व्यवस्थालाई गुण, कर्म र स्वभावका आधारमा व्यवस्थित गरिएको भनिए पनि एक प्रकारको श्रेणी भने रहेको थियो । यस अवधिमा ब्राह्मण, क्षेत्रीय र वैश्यहरुबीच धेरै विभेद नभए पनि शुद्रलाई भने दासकै रुपमा लिएको पाइन्छ । नेपालको शैक्षिक, आर्थिक, राजनीतिक, सामाजिक लगायतका पक्षहरुमा पहुँच र सहभागितामा विभिन्न जात जातिहरुबीच विभेद रहे पनि खासगरी दलित समुदायहरु सबै क्षेत्रमा पछि परेका छन् । विभिन्न दलित समुदायहरु मध्ये पनि तराईबासी दलितहरु ज्यादै पछि परेका देखिन्छन् । यस सन्दर्भमा नेपाली समाजमा विद्यमान दलितहरुबीचकै जातीय विभेद र छुवाछुतहरुलाई अझ बढी संवेदनशील मान्नुपर्ने हुन्छ, (विश्वकर्मा, २०६०) ।

नेपालको दक्षिण स्थित समथर भू-भाग तराई प्रदेश हो । यो पूर्व मेची देखि महाकली सम्म फैलिएको छ । यस क्षेत्रको जलवायु उष्ण एवम् आद्र हुन्छ । तराईमा तराइको जनसंख्याको १० प्रतिशत दलितहरु बसोबास गर्दछन् । (

जनगणना २०५८) नेपालमा सन् १९६३ को मुलुकी ऐनले सर्वप्रथम कानुनी रुपमा जातीय आधारमा विभेद गर्न नहुने व्यवस्था गरी जातीय विभेद र छुवाछुतको अन्त्य गर्ने पहिलो कानुनी व्यवस्था गरेको थियो । तापनि सामाजिक व्यवहारमा जातीय विभेद अन्त्य गर्न यो कानुन मात्र पर्याप्त हुन सकेन । नेपालको अन्तरिम संविधान २०६३ को धारा १४ मा छुवाछुत र जातीय विभेद विरुद्धको हक उपधारा १,२,३,४ मा दिइएको छ । त्यसैगरी समानताको हक धारा १३ मा र धारा १७ मा शिक्षा र संस्कृतिको हक दिइएको छ । रा.शि.प. यो २०२८ ले देशका सबै नागरिकलाई शिक्षाको ज्योतिबाट अलग राख्नु हुँदैन भन्ने कुरामा जोड दिँदै शिक्षा पाउनु सबैको नैसर्गिक अधिकार हो भनेपछि केही दलित विद्यार्थी विद्यालय जान थालेको पाइन्छ । २०४९ सालमा शिक्षा नियमावली प्राथमिक शिक्षा निःशुल्क र दलित जातीलाई शिक्षामा बढी भन्दा बढी सहभागिता गर्नुपर्ने कुरामा जोड दिइएका भएपनि विभिन्न कठिनाई समस्याहरुको कारणले दलित समुदायको बालबालिकाहरुको विद्यालय सम्मको शिक्षा पनि अरु जातिका तुलनामा एकदम कम सहभागिता रहेको पाइन्छ, (श्रोत : दलित सेवा आयोग स्मारिका २०५८) ।

नेपाल राष्ट्रिय दलित आयोगका अनुसार २२ जातहरु दलित अन्तर्गत पर्दछन् । ती हुन् गन्धर्व (गाईने), परियार (दमाई, दर्जी, सूचीकार, नगर्ची, ढोली, हुडको),वादी, विश्वकमा (कामी, लोहार, सुनार, ओड, चुनरा, पार्की, टमटा, सार्की (मिजार, चर्मकार, मूल), कलर, ककैहिया, कोरी, खटिक, खत्वे (मण्डल, खङ्ग), चमार (राम, मोची, हरिजन, रविदास),. चिडीमार, डोम (मरिक), तत्मा (ताँती, दास), दुसाध (पासवान, हजारा), धोवी (रजक) हिन्दू पत्थरकट्टा, पासी, बाँतर, मुसहर, मेस्तर (हलखोर), सरभंग(सखरिया), तराई क्षेत्रमा पासी, धोवी, दुसाध, डोम, कोरी, ककैहिया, कलर, पत्थरकट्टा, हलखोर, मुसहर, चिडिमार, बाँतर, खत्वे, तत्मा, पासवान, खटिक, मेस्तर, परियार, विश्वकर्मा,

सार्की आदि जातिका दलितहरु बसोबास गरेको पाइन्छ । नेपालका समाज शास्त्रीहरु अनुसार दलित भन्नाले त्यो समुदायलाई जनाउँछ, जो धार्मिक, साँस्कृति, आर्थिक, शैक्षिक तथा राजनैतिक रुपमा पिछडिएका समाजबाट तिरस्कार घृणा, भेदभाव पाएका हुन्छन्, (श्रोत : दलित सेवा आयोग स्मारिका २०५९) ।

सबै नागरिकलाई समान र आधुनिक शिक्षा प्रदान गर्नु लोककल्याणकारी राज्यको न्यूनतम दायित्व हो । यही दायित्वलाई आत्मसाथ गर्दै नेपाल सरकारले १९५१ देखि नै नेपालमा निःशुल्क प्राथमिक शिक्षा लागु गरेको थियो । नवौ पञ्चवर्षीय योजनाबाट सरकारले अनिवार्य प्राथमिक शिक्षा कार्यक्रम पनि सुरु गऱ्यो । सरकारले दलित विद्यार्थीका लागि छात्रवृत्ति व्यवस्था गरेको छ । उनीहरुले पढाइका लागि शुल्क तिर्नुपर्दैन । तर पनि किन यो समुदायका बालबालिका विद्यालय जान्न् ? उत्तर खोज्न ढिलो भइसकेको छ । अहिले सरकारले उच्च मा.वि.सम्म दलित विद्यार्थीलाई निःशुल्क शिक्षा मात्र हैन, पाठ्यपुस्तक समेत उपलब्ध गराउने नीति लिएको छ । यी सबै प्रयासका बाबजुद पनि दलितको शैक्षिक स्तरमा भने अपेक्षाकृत वृद्धि हुन सकेको छैन। अन्य जातजातिको तुलनामा दलितको शैक्षिक अवस्था दयनीय छ । २०६८ को जनगणनाले देशका ५ वर्ष वा सो भन्दा माथिल्लो उमेरका ६५.९४ प्रतिशत व्यक्ति साक्षर देखाएको छ । पुरूषको साक्षरता दर ७५.१ प्रतिशत छ भने महिलाको ५७.४ प्रतिशत छ । पछिल्लो तथ्याङ्क अनुसार ब्राह्मण र क्षत्रीको सबभन्दा बढी साक्षरता दर ७६.०३ प्रतिशत छ । दलितको भने ५२.४८ प्रतिशत छ । दलितभित्र पनि पहाडी दलितको ६१.९३ प्रतिशत छ भने तराई दलितको ३४.५० प्रतिशत छ । राष्ट्रिय साक्षरता दर भन्दा मधेसी दलितको साक्षरता झण्डै आधा छ ।

उल्लिखित तथ्याङ्कले पनि जातिगत आधारमा साक्षरता दरमा ठूलो असमानता देखाउँछ। माध्यमिक तह (९-१२) कक्षा उत्तीर्ण गर्ने विद्यार्थी ३०.८२ प्रतिशत हुँदा ब्राह्मण र क्षत्रीको ३८.९५ प्रतिशत, दलित १४.८१ प्रतिशत छ भने सबभन्दा कम मधेसी दलितको १२.७१ प्रतिशत छ।

स्नातक भन्दा माथि शिक्षा प्राप्त गर्ने ४.१९ रहेकामा ब्राह्मण र क्षत्रीको ६.१ प्रतिशत, पहाडी दलितको ०.५८ र मधेसी दलित ०.७२ प्रतिशत छ। दलित, जनजाति र महिलाको शिक्षा तथा साक्षरताको स्तरमा बितेका केही वर्षयता उल्लेखनीय प्रगति भएको छ। यद्यपि यी समूहका विद्यार्थी बीचमै पढाई छोड्ने दर भने उच्च छ। दलित समुदाय ठूलो संख्यामा गरिबीको रेखामुनि छन्। नेपालको औसत गरिबी २५ प्रतिशत हुँदा पहाडी दलितको ४२.६३ र मधेसी दलितको ३८.१६ प्रतिशत छ। दलित बालबालिका भाइबहिनीको हेरचाह र घरायसी काम गर्नुपर्ने बाध्यताले पनि विद्यालय छाड्ने गर्छन्। अधिकांश दलित भूमिहीन छन्। शिक्षा मन्त्रालयले शिक्षामा पहुँचको अवस्थालाई चार वटा तत्वले निर्धारण गर्ने उल्लेख गरेको छ : आर्थिक, भौतिक, भौगालिक र समाजिक कारण। विद्यार्थीको शिक्षालाई आकार दिने महत्वपूर्ण तत्वका रूपमा आर्थिक तत्व पनि छ। आर्थिक र समाजिक विकासले पनि शिक्षासँग सिधा सरोकार राख्छ। दलितको दयनीय आर्थिक अवस्था भएकै कारणले पनि उनीहरुको साक्षरता दर कम हुन पुगेको छ।

दलित विद्यार्थीले विद्यालय छाड्नुको प्रमुख कारण विद्यालयमा गरिने विभेदजन्य व्याहार पनि हो। दलितले विद्यालयमा दुई तहको विभदे समाना गर्नुपरेको छ- एउटा शिक्षकबाट भने अर्को समकक्षीहरुबाट। जातीय विभेदबाट ग्रस्त मुलुकमा दलितलाई शिक्षा प्रणालीमा गरिने विभेद व्यापक समस्यका रूपमा देखिएको छ। प्राथमिक तहदेखि विश्वविद्यालयसम्म दलितले विभेदका विभिन्न रूप भोग्दै आइरहेका हुन्छन्। समाजिक बहिष्करण,

एक्लोपन, अपमानजनक व्यवहार, भौतिक मानहानिका कारणले गर्दा उनीहरुमा अशिक्षा र स्कुल छाड्ने दर अन्य समुदायभन्दा अत्याधिक छ । सबै समुदायका विद्यार्थीको आत्मसम्मानमा ठेस नपुग्नेगरी मनोबल उच्च राख्ने खालको समावेशी शिक्षा प्रणाली आजको आवश्यकता हो । समाज, विद्यालय र कक्षा कोठामा हुने विविधतायुक्त विद्यार्थीको अवस्थालाई समावेशी शिक्षा प्रणालीले सम्बोधन गर्छ, जसले शिक्षामा व्याप्त बहिस्करणको अवस्थालाई कम गर्छ । समावेशी कक्षामा विभिन्न समुदायका फरक-फरक पृष्ठभूमि भएका, जस्तै- संस्कृति, जाति, अवस्था भएकाले उनीहरुको क्षमता र चुनौती पनि फरकफरक हुने गर्छ । यसमा शिक्षकले विद्यार्थीलाई कुनै पनि किसिमको विभेद गर्दैनन् । बरु शिक्षक पनि आफैं सबै विद्यार्थीसँग बसेर समूहमा खाजा खान्छन् । यसले गर्दा सबै समूहका विद्यार्थीमा उचनिचको सोच पैदा हुँदैन । नेपालको हालको शिक्षा प्रणाली अझै पनि दलितमैत्री नभएकाले धेरै दलित बीचमै पढाइ छाड्न बाध्य छन् । दलितको शैक्षिक अवस्था कमजोर हुनुका विविध कारणमध्ये उनीहरुको शिक्षाप्रतिको दृष्टिकोण र बुझाइ पनि महत्वपूर्ण छ । समाजमा उनीहरुलाई गैरदलितले हेर्ने दृष्टिकोण गर्ने व्यवहार अर्को समस्याका रूपमा छ । कथित उच्च जातिले दलित शिक्षित हुनुलाई ग्रामीण स्तरीकरण, शक्ति सन्तुलन, परम्परगत संरचना र मान्यतामा संकट पैदा हुने चुनौतीका रूपमा लिन्छन् र दलितलाई शिक्षा प्राप्तिका लागि प्रेरित गर्दैनन् ।

शैक्षिक क्षेत्रमा दुवै (शिक्षक र सहपाठी) हरुको नकारात्मक दृष्टिकोण सहितका अपमानजनक व्यहारले उनीहरु स्कुल छाड्न बाध्य हुन्छन्। आफूलाई कमजोर महसुस गर्छन् । यसको मुख्य कारण विद्यालयमा हुने विभेदजन्य व्यवहार नै हो । विभिन्न अध्ययनले के देखाएको छ भने जुन विद्यालयमा दलित शिक्षक हुन्छन् ती विद्यालयमा दलित बालबालिकाको भर्ना दर र पढाइप्रति चासो बढी हुने गर्छ । तर अन्य क्षेत्र जस्तै नेपालको शैक्षिक क्षेत्रमा पनि दलित सहभागिता ज्यादै कम छ । विश्व बैंङ्क र एडिबीले गरेको शिक्षा

क्षेत्रका कर्मचारीको विविधता विश्लेषण हेर्दा झण्डै ८० प्रतिशत पहाडे ब्राह्मण र क्षत्रीले ओगटेको देखिन्छ । पहाडे दलितको सहभागिता ०.६९ प्रतिशत मात्र छ भने मधेसी दलितको सहभागिता शून्य छ ।

अहिले सरकारले शिक्षा विभागमार्फत उमावि तहसम्म २१ प्रकारका छात्रवृत्ति दिँदै आएको छ । यस्ता छात्रवृत्तिबारे दलित समुदायमा जानकारी नै कम छ । त्यसैले कापीकलम, ड्रेस, भर्ना शुल्क, परीक्षा शुल्क आदिको भार अभिभावकमा नै पर्छ । यस्तो भार थेग्न नसक्नु पनि छोराछोरी पढाउन नसक्नुको अर्को कारण हो । छात्रवृत्ति लगायत राज्यप्रदत्त सुविधामाथि प्रधानाध्यापक, स्रोत व्यक्ति र शिक्षा कर्मचारीको लापरबाही पनि उत्तिकै समस्याका रूपमा देखापरेको छ । यी यावत् यस्ता कारण हुन्, जसले दलित समुदायका बालबालिकालाई सधैँ असाक्षर बनाउनमात्र मद्दत पुयाञ्इरहेका छन् । नेपालमा जातिय छुवाछुतप्रथा सामाजिक विकृतीका रूपमा लामो समयदेखि रहीआएको छ । निरन्तर संघर्ष पश्चात यस्तो कुप्रथालाई देशको संविधानमा दण्डनीय अपराधको रूपमा उल्लेख गरिएता पनि व्यवहारमा दलित समुदाय अपमानित भइरहेको यथार्थ हामी साम‍ु यथावत अवस्थामा नै छ । तीन हजा वर्ष देखि छुवाछुत प्रथाले जरागाडेको हाम्रो समाजमा आत्मसम्मान र आत्मविश्वासमा चोट पुऱ्याउदै हिनताबोध र अपमानित बनाएको छ । ऐनकानुनको इमानदारीपूर्वक कार्यान्वयन नहुनु, सामाजिक कुरिती, रूढीवादी समाज तथा विद्यमान सामाजिक संरचनाहरूले दलित समुदाय असमानता, भेदभाव र शोषणको भुमरिमा रहेका छन् । दलित र उत्पीडित जातीको उत्थान विना सम्मुनत नेपालको कल्पना गर्न सकिदैन । राज्य र सरकारले सामाजिक र आर्थिक कार्यक्रमहरू कार्यान्वयन गर्न अब पनि ढिला गर्ने हो भने मुलुकले कोल्टे फेर्न सक्दैन ।

जातिय भेद भावलाई पारदर्शि बहसको रूप बनाई वस्तु परक र यथार्थपरक जानकारी तथा सुचनादिन सकेमा दलित र गैरदलित समुदायमा सामञ्जस्यता

र मेलमिलाप हुनगई भावनात्मक रूपमा एकाकार भई समाज अनावश्यक जातीय दंभ र कुसंस्कारबाट  मुक्तभई स्वास्थ्य समाजको निर्माणमा सहजता उत्पन्न हुनसक्छ । सन् १९२५ मा तत्कालिन बिट्रिस इण्डिया सरकारको भारतमा सामाजिक आर्थिक सुधारका लागि सुझावरू तयार गर्ने उद्दश्येले लर्ड साईमनका अध्यक्षतामा गठित साईमन कमीसनले दलितरूको यसरी परिभाषा गरेकोछ -आर्थिक रूपले विपन्न, सामाजिक रूपले शोषित, राजनैतिक हिसाबले आवाज विनि र मनोवैज्ञानि रूपले दलित र पानी नचल्ने मानिएको समुदाय दलित हो । रङ्ग, वर्ण, लिङ्ग र वर्गभेद जस्तै जातीभेदले दलित समुदायलाई पनि भेदभाव गरेको छ । जापानमा बुराक, ईजरायलमा कोटोगस तथा युरोप, अमेरिकामा काला जातिलाई गरिएको भेदभाव जस्तै नेपालमा दलित जातिलाई भेदभाव गरिएको छ । समयको गतिसँगै अन्यत्र हट्दै गएको जातिय भेदभाव नेपालमा हट्न नसक्नु दुःखलाग्दो कुरा हो ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ मा कुनै पनि किसीमको जाती, वर्ग, लिङ्ग, भाषा, धर्म र राजनैतिक आस्थाका भरमा भेदभाव गर्न नमिल्ने तथा सम्पूर्ण अधिकार एवं स्वतन्त्रताको हकदार सबै हुन पाउने उल्लेख गरिएकोछ । सबै किसीमका जातीय भेदभाव उन्मुलन सम्बन्धि महासन्धी १९६५ ले सबै किसीमको जातीय विखण्डनबादबाट मुक्त समुदाय निर्माण गर्न र जातीय विभेद विरूद्ध लडाइ गर्न सबै उपाय अवलम्बन गरिने दृढता समेत व्यक्त गरेको छ । अथक प्रयासका बावजुदपनि दलितहरूप्रति गरिने व्यवहारमा केही आन्सीक कमी आएतापनि जातीय विभेद उन्मुलन गर्न सकिको छैन् । यसका लागि स्वं दलितहरूले आन्तरीक विभेदलाई अन्त्य गर्ने, संगठित भएर दबाव सिर्जना गर्ने, सूचना संकलनको साथमा परम्परागत पेशालाई आधुनिकरण गर्दै आन्तरिक विकृतिलाई हटाउन सके जातीय विभेद अन्त्यको सम्भावना रहन्छ । त्यस्तै दलितहरूको भूमिकालाई गैरदलितहरूले पनि सकारात्मकभई भाईचारा र एक्यवद्धता जनाउँदै उनीहरूलाई कदर र

सम्मान प्रदान गर्न सके २१ औं शताब्दीको मानव मात्रको कलंक उन्मुलन गर्न सकिन्छ ।

सप्तरीमा दलितहरु माथि मन्दिर जान नहुने, उसले छोएको पानी नचल्ने, मान्छेलाई छोएपछि अछुत हुने जस्ता धारणा अझै पनि व्याप्त रहेको देखिन्छ । झण्डै कूल जनसंख्याको ७.९ प्रतिशत भाग ओगटेका तराईबासी दलितहरु परम्परा देखि नै पिछडिएका छन् । यी तराईबासी दलितहरु भाषिक रुपमा कुण्ठित, अपमानित, मानसिक, साँस्कृतिक, धार्मिक रुपमा बहिष्कृत सामाजिक रुपमा अपहेलित, आर्थिक रुपमा शोषित, ाजनैतिक रुपमा उपेक्षित र शैक्षिक रुपमा बञ्चित रहेका छन् । (श्रोत एक्काइसौं शताब्दीमा मधेशी  दलित, मधेशी दलित महासंघ २०६४)

तराईमा बस्ने दलितहरु मध्ये ९० प्रतिशत दलितहरु गरिबीको रेखामुनी, स्थानीय श्रोत र साधनबाट बञ्चित छन् भने, ४४ प्रतिशत दलितहरु भुमिविहिन रहेका छन् । साँस्कृतिक र भाषिक रुपमा धेरै धनी रहेका यी दलितहरु तराईको जनसंख्याको २१ प्रतिशत मात्र साक्षर रहेको देखिन्छ । श्याम र गोरो दुवै वर्णका यी दलितहरु राज्यले यिनीहरुको संस्कृति संरक्षण नगरेपछि उनीहरुको संस्कृति लोप भईरहेको छ । राज्यले स्थानीय भाषामा शिक्षाको व्यवस्था गरेपनि पाठ्यक्रम र पाठ्यपुस्तकको कारणले त्यो धोको पुरा हुन सकेको छैन, (श्रोत : जनगणना २०५८ एक्काइसौं शताब्दीमा मधेशी दलित समुदाय मधेशी महासंघ २०६८) ।

दलित बालबालिकाहरुको शैक्षिक स्थिति खस्किदै गएको देखिएको छ । कमजोर आर्थिक अव्रस्था भएका दलित विद्यार्थीहरुलाई प्रदान गरिने दलित तथा लक्षित छात्रवृत्ति एउटै कक्षामा फेल भएकालाई प्रदान नगरिनाले ऊ सोही कक्षामा शैक्षिक सामग्रीहरु किनेर पढ्न नसक्ने हुँदा विद्यालय छाड्नु परेको बाध्यात्मक स्थिति छ । विद्यालय बाहिरको समाजमा यथावतै रहेको

जातीय छुवाछुतको अभ्यासले दलित बालबालिकाहरुमा मानसिक असर परेको देखिन्छ । फलस्वरुप चिनीइएको उत्तीर्ण दर सानो छ भने कक्षा दोहोऱ्याउने र छाड्ने दर ठूलो रहेको देखिन्छ । अभिभावकको पेसा, शिक्षा, आर्थिक अवस्था आदिसँग बालबालिकाको शिक्षा प्रत्यक्ष रुपमा सम्बन्धित भएको देखिन्छ । राम्रो कमाउने वा प्रतिष्ठत पेसा भएका र शिक्षित अभिभावकका छोराछोरीको शिक्षा पनि अरु अभिभावकका छोराछोरीका तुलनामा राम्रो देखिन्छ । आर्थिक समस्या, दलित अभिभावकमा चेतनाको कमी, दलितहरुमा परम्परागत विचार रहनु, दलित महिलाहरु निरक्षर रहनु, दलित केटाकेटीहरुमा पढ्नु पर्छ भन्ने भावना जागृत नहुनु जस्ता पक्षले दलित बालबालिकाहरुको शैक्षिक उपलब्धीमा असर पुऱ्याएको देखिन्छ ।

कुनै पनि समाजको विकासमा शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । प्राथमिक शिक्षा ज्यादै महत्वपूर्ण हुन्छ । प्राथमिक शिक्षा, उच्च शिक्षाको आधारशिला मानिन्छ । प्राथमिक शिक्षालाई निःशुल्क र सर्वसुलभ बनाउनका लागि विभिन्न कार्यक्रमहरु संचालन भएको भएपनि तराईका धेरै दलितहरुका बालबालिकाहरु विद्यालय गएका छैनन् । केही मात्रामा विद्यालयमा गएपनि विभिन्न कठिनाइले बिचमै विद्यालय छाडेको देखिन्छ र कक्षा उत्तीर्ण हुनुको संख्या कमै छ । यो समुदायको शैक्षिक आर्थिक सामाजिक स्थितिको बारेमा कमै मात्र अनुसंधानहरु भएको पाइन्छ । त्यसैले आज तराईबासी दलित समुदायको यथार्थ वस्तुस्थितिको चित्रण गर्नु आवश्यक छ । तराईबासी दलित समुदायको यथार्थ वस्तुस्थितिको चित्रण गर्नु र प्रेरणा दिनु शिक्षामा पनि उनीहरुको सहभागिता जनाउन विभिन्न किसिमका कार्यक्रमहरुमा संलग्न गराउन नितान्त आवश्यक छ । तराईका सप्तरीका जिल्लामा बसोबास गर्दै आएका दलितहरुका छात्रछात्राहरु शिक्षा के कति संलग्न छन् भन्ने कुरालाई आधार बनाई यो अध्ययन गरिएको छ ।

## १.२ समस्याको कथन

मानव सम्भयताको विकास, विस्तार एवं सम्बर्धनका लागि मानवले सिर्जना गर्दै आएको र पुनः निर्माण गर्दै आएको मुख्य चिज नै शिक्षा हो । शिक्षाले नै मानव सम्भयताको संरक्षण एवं संचित मानव ज्ञानलाई नयाँ पुस्तामा हस्तान्तरण गर्दै आएको छ । प्रारम्भमा समाजमा सामान्य जीवन बिताउन आवश्यक शिक्षा घर परवारबाट प्राप्त हुन्थ्यो । समाज विकासको चरणसँगै आएको सामाजिक, आर्थिक, राजनैतिक परिवर्तनसँगै शिक्षाको स्वरुप र प्राकृतिक पनि रुपान्तरित हुँदै आएको पाइन्छ । औपचारिक शिक्षाको पहिलो तह प्राथमिक तह हो । प्राथमिक तहमा दलित छात्रछात्राहरुको सहभागिता सकारात्मक भएतापनि निम्न माध्यमिक तहमा तथा माध्यमिक तहमा पुग्दा उनीहरुको सहभागिता निराशाजनक पाइन्छ । यो अध्ययन सप्तरी जिल्लाको विद्यालयमा अध्ययनरत दलित छात्रछात्राहरुको शिक्षामा संलग्नता लेखाजोखा गर्नुमा केन्द्रित रहने छ ।

साथै यो अध्ययन विद्यालयहरुमा दलित बालबालिकाहरु के कति मात्रामा विद्यालय जाने गर्छन ? विद्यालयहरुमा दलित बालबालिकाहरुलाई पढ्न पठाउनु र नपठाउनुका कारणहरु के के हुन् ? विद्यालयमा दलित विद्यार्थीहरुको शैक्षिक अवस्था कस्तो छ ? दलित विद्यार्थीहरुको शिक्षामा सहभागिता बढाउन के के प्रयास भएका छन् ? दलित र गैर दलित विद्यार्थीको सिकाई उपलब्धिको स्थिति पत्ता लगाई तुलना गर्ने, सिकाई उपलब्धि अभिवृद्धि गर्न के उपायहरु सुझाउन सकिन्छ ? जस्ता महत्वपूर्ण एवं सान्दर्भिक सवालहरुको जवाफ नै यस अध्ययनमा खोजी गरिएको छ । दलित बालबालिकाका अभिभावकहरुमा चेतनाको कमी, शिक्षाको कमी, शैक्षिक सहभागितामा कमी तथा अध्ययन गर्ने वातवारण नभएकाले पनि यो विषय शिर्षक समस्या बन्न गएको हो । यिनै सान्दर्भिक समस्यालाई केन्द्र विन्दु

बनाई यो अध्ययन आवश्यक ठानिएकोले शोधकार्य गर्न "तराईबासी दलित छात्रछात्राहरुको शिक्षामा सहभागिता" शिर्षक छनौट गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

अध्ययन अनुसंधानको आफ्नै किसिमको महत्व हुन्छ । यो अध्ययन तराईबासी दलितको शिक्षामा सहभागिता भन्ने बारेमा अध्ययन गर्ने उद्देश्यले गरिएको हुँदा यस अध्ययनको औचित्य एवं महत्व रहेको छ । विद्यालयमा अध्ययनरत दलित बालबालिकाहरुको सहभागिता लेखाजोखा गर्नुका साथै यस समुदायका बालबालिकाहरुलाई बढी भन्दा बढी शिक्षामा सहभागि गराउन र शिक्षाको उज्यालो घामबाट कुनै वर्ग समुदाय बञ्चित नरहुन र शिक्षालाई आफ्नो अधिकार बुझ्न सो सम्बन्धित विभिन्न अध्ययन अनुसंधानको निकै नै महत्व देखिन्छ । शिक्षामा दलित बालबालिकाको अवस्था सहभागिता वृद्धि गर्न, दलित बालबालिकाको शैक्षिक सहभागितामा देखा परेका सम्रस्या समाधान गर्न यो अध्ययन गर्न खोजिएको हो ।

दलित बालबालिकाहरुको सिकाई उपलब्धिलाई अभिवृद्धि गर्नका लागि निम्ति कार्यरत शैक्षिक नीति निर्माता, परीक्षा व्यवस्थानका संलग्नकर्ता सरकारी एवम् गैरसरकारी संघसंस्था, स्थानीय निकाय आदिलाई थोर बहुत शैक्षिक सूचनाको उपलब्ध गराउन यस शोधले सघाउ पुऱ्याउने अपेक्षा राखिएको छ । आगामी दिनमा यस विषयसँग सम्बन्धित अनुसंधान गर्ने अनुसंधानकर्ताको निम्ति सन्दर्भ सामग्रीको रुपमा समेत मद्यत पुग्ने अपेक्षा राखिएको छ ।

## १.४अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्यहरु निम्न लिखित छन्

१. दलित बालबालिकाहरुको शिक्षामा सहभागिताको अवस्था पत्ता लगाउनु ।

२. दलित बालबालिकाको शैक्षिक सहभागितामा प्रभाव पार्ने तत्वहरु खोजी गर्नु

३. दलित बालबालिकाहरुको शैक्षिक सहभागितामा देखा पर्ने समस्याहरु पहिचान गर्नु ।

४. दलित बालबालिकाहरुको शैक्षिक सहभागितामा देखा पर्ने समस्या समाधानका उपायहरु सुझाउने ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

यस अध्ययनको अनुसन्धानात्मक प्रश्नहरु यस प्रकार छन्

१. दलित छात्रछात्राहरुको शैक्षिक अवस्था कस्तो छ ?

२. दलितहरुको विद्यालयमा न्यून उपस्थितिका कारणहरु के के हुन् ?

३. दलित बालबालिकाहरुको शैक्षिक सहभागितामा प्रभाव पर्ने तत्वहर के के हुन् ?

४. दलित बालबालिकाको शैक्षिक सहभागितामा देखापर्ने समस्याहरु के के हुन् ?

५. दलित छात्रछात्राहरुको शिक्षामा सहभागिता वृद्धि गर्ने उपायहरु के के हुन् ?

## १.६ अध्ययनको परिसीमा

यस अध्ययनको क्षेत्र सप्तरी जिल्ला अन्तर्गत पर्ने विभिन्न ४ विद्यालयहरु कक्षा १ देखि १० सम्मका दलित विद्यार्थीहरुमा सिमित रहेको छ । विद्यालय छनौट गर्दा सप्तरी बाट १/१ ओटा गरी जम्मा ४ ओटा विद्यालय छनौट गरिएकोले यो अध्ययन ४ ओटा विद्यलायमा सिमित रहेको छ ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

## २.१ सम्बधित साहित्यको पुनरावलोकन

आफ्नो अनुसन्धानको आधारशिल निर्माण गर्न तथा अनुसन्धान गर्न लागिएको विषयमा यस अघि के कस्ता अध्ययन भई कस्तो ज्ञानको उत्पादन भएको छ भन्ने कुरा पहिल्याउन सान्दर्भिक पूर्व साहित्यको समीक्षा गरिएको छ । साहित्य समीक्षाले अनुसन्धानको विषयमा पहिले भएका अध्ययनका निष्कर्षलाई सारांशमा प्रस्तुत गरेको छ । प्रस्तुत अध्ययनसँग सम्बन्धित पूर्व साहित्यहरुको प्रचूरता नरहेता पनि यस परिच्छेदमा अध्ययनसँग सम्बन्धित केही लेख, रचना, पत्र पत्रिका, पुस्तक एवं केही पूर्व अनुसन्धासँग सम्बन्धित तथ्यहरुको बारेमा अध्ययनको उद्देश्यको आधारमा समीक्षा गरिएको छ ।

विगतमा भए गरेका कार्यहरुको लेखाजोखा गरी वर्तमानका लागि कार्यतर्जुमा गर्नु बढी सान्दर्भिक हुन्छ । यसैले कुनै पनि अनुसन्धान कार्यको लागि सम्बन्धित सामग्रीहरुको अध्ययन र समीक्षा एउटा महत्वपूर्ण कार्य हो । पूर्व साहित्यको समीक्षाबाट अध्ययन कर्ताले अध्ययन अनुसन्धान गर्न बाकी रहेको विषय वा क्षेत्रमा जानकारी लिने, नयाँ विषय वस्तु खोज्ने र त्यस्ता विषयवस्तुको बारेमा गहिराईमा पुग्ने प्रयास गर्दछ । सम्पूर्ण दलित विद्यार्थीहरुको शिक्षामा सहभागिता सम्बन्धी समय समयमा विभिन्न ठाउँहरुमा अध्ययन अनुसन्धानाहरु भएको पाइन्छ  तर तराईमा बस्ने दलित छात्रछात्राहरुको शिक्षामा सहभागिता सम्बन्धी अहिलेसम्म केही अध्ययन अनुसन्धान भएको पाइन्न । ती अनुसन्धानहरुमा देखिएका कमिकमजोरीहरु हटाउन सुधार गर्न र ती अध्ययनहरुले उठाउन नसकेका मुद्दाहरुलाई यस अनुसन्धानमा समेटिएको छ । किनकी यो भन्दा माथिका अध्ययनहरुले उठाउन नसकेका समस्याहरुले मलाई प्रस्तुत विषयमा अध्ययन गर्न प्रेरित गरेकोले मैले यो अनुसन्धान गर्न गरेको हूँ ।

यो भन्दा पूर्व गरिएको अनुसन्धानले मलाई समस्याको बारेमा परिचय गराउन अध्ययनको उद्देश्यहरु निर्धारण गर्न, यस अध्ययनको औचित्य र सिमा निर्धारण गर्नुका साथै अनुसन्धानको ढाँचा तयार गर्न अनुसन्धानको लागि नमुनाहरु छनौट गर्न, सुचनाहरु संकलन गर्न औजारहरु खुल्ला प्रश्नावलीहरु, असंरचित अन्तरवार्ता र सहभागितात्मक अवलोकन फारमको निर्माण गर्नमा पनि प्रत्यक्ष गर्नुका साथै सुचनाहरु संकलन गर्ने तरिकाहरुमा आवश्यक निर्देशन सहयोग गर्दै संरचनाहरु विश्लेषण गर्न र अनुसन्धानको सारांश निकाल्न र अध्ययनको अन्तमा देखिएका समस्याहरुलाई निराकरण गर्नका लागि आवश्यक सुझावहरु प्रस्तुत गर्न निरन्तर सहयोग गरेकोले मैले प्रस्तुत विषयमा अनुसन्धान गरेको हुँ । यस अध्ययन सँग सम्बन्धित लेख, रचना, शोधग्रन्थ, आदिको संक्षिप्त विवरण तल प्रस्तुत गरिएको छ । दलित, एवं उत्पीडित समुदाय प्रतिको सामाजिक, आर्थिक विषमता निकै कहाली लाग्दो छ । एक्काइसौं शताब्दीमा प्रवेश गरिसक्दा पनि नेपाली समाज तल्लो जात र माथिल्लो जातको मानसिकताबाट मुक्त हुन सकेको छैन । एउटा मानव अर्को मानवसँग छोइन नहुने “छुवाछुत” प्रथा जस्तो सामाजिक कुरिती र अन्धविश्वास अझै नेपाली समाजमा विद्यमान छ । समाजमा विद्यमान जातीय श्रेणीबद्धताले सबैभन्दा बढी शोषण र दमन दलित जातिहरुलाई गरेको छ । दलित जातिहरुका बाललिकाहरु सार्वजनिक विद्यालयहरुमा आफ्नै सहपाठीहरुबाट थपिदै छन् । यस्ता कुराहरु धेरै विचारणीय छन्, (अधिकारी २०५७:६९) ।

फर्मेटिभ अनुसन्धान परियोजनाको अनुसन्धान प्रतिवेदन अनुसार सबैका लागि शिक्षा २००४ २००९ को सन्दर्भमा बारा र काभ्रे जिल्लामा गरिएको अध्ययनले शिक्षामा सुविधाविहीन बालबालिकाको पहुँच, विद्यालय सुधार योजनाको अध्ययन आदिवासी तथा भाषिक अल्पसंख्यक समुहको सिकाई आवश्यकता र एकमष्ट अनुदान वितरण व्यवस्थाबारेमा अनुसन्धान गरी

समस्याको पहिचान, विश्लेषण एवम् सुधारका लागि अवलम्बन गर्नुपर्ने उपायहरु समेत प्रतिवेदनमा उल्लेख छ । विद्यालय सुधारका लागि सम्बन्धित सरोकारवालाहरु प्र.अ., शिक्षक, अभिभावक संघ र समुदायका समस्याहरु बीच सुमधुर सम्बन्ध अभिवृद्धि गर्नुपर्ने तथा विद्यालयमा समुदाय परिचालन अपनत्वको भावना, सामाजिक परिक्षण, आय व्ययको लेखा परिक्षण, पारदर्शिता, सेवा सुविधाको अभिवृद्धि, अभिलेख पारदर्शिता, सेवा सुविधाको अभिवृद्धि, अभिलेख व्यवस्थापन जोड दिएको कुरा उल्लेखछ ।

शैक्षिक जनचेतनाको कमि भएकोले जनचेतना कार्यक्रम गराई माथिल्लो कक्षामा पढ्ने प्रोत्साहन गर्नुपर्ने, छोराछोरीमा भेदभाव नगरी विद्यालय पठाउनु पर्ने, शिक्षा प्रतिको नकारात्मक धारणा हटाउनु पर्ने, सामाजिक रुपमा विभिन्न संगठनले दलितको वकालत गर्नुपर्ने, मधेशी, दलितलाई मासिक भत्ता दिनुपर्ने, मातृभाषा अनुसार पाठ्यपुस्तक बन्नुपर्ने, शिक्षक विद्यार्थी विद्यालयमा भेदभाव हटाउन प्रयास गर्नुपर्ने र विद्यालयमा भौतिक वातावरण बनाउनुपर्ने सुझावहरु प्रस्तुत गरिएको छ । कर्ण, पवन कुमार (२०६६) सप्तरी जिल्लाका प्राथमिक विद्यालयमा मधेशी दलित बालबालिकाहरुको सहभागिता । नेपाली समाजमा वर्ण तथा जातीय विभेद विद्यमान छ । जातीय आधारमा समाज श्रृंखलाबद्ध छ । यसरी विभिन्न श्रृंखलाहरु भए पनि छुत र अछुत जाति भनेर नेपाली समाज मूलरुपमा दुई भागमा विभाजित छ । नेपालमा जातीय विभाजन र छुतअछुत प्रथाको प्रारम्भको कुरा गर्दा हिन्दू वर्णश्रम व्यवस्थासम्म पुग्नु पर्ने हुन्छ । हन त हिन्दू वर्णश्रम व्यवस्थाले जातीय छुवाछुतको कुरा गरेको देखिदैन । तापनि मानव जातिलाई चारवर्णमा बाँडेर विभेद गर्ने कार्यको प्रारम्भ भने अवश्यै गरेको देखिन्छ ।

माकिया भेलीका अनुसार समाजमा सम्भ्रान्त वर्ग र निम्न वर्ग रहेका हुन्छन् । सम्भ्रान्त वर्ग आर्थिक, सामाजिक र राजनैतिक हिसाबले सम्पन्न रहेको

शासक वर्ग हो भने निम्न वर्ग शोषित वर्ग हो । समाजमा जहिले पनि यी वर्ग बीचमा द्वन्द्व चलिरहेको हुन्छ । उनका अनुसार सामाजिक वर्गीकरण वा विभेदीकरणको प्रमुख पक्ष पनि आर्थिक कारण हो ।

टुमिन (१९७०) का अन"सार एरिस्टोटलका चिन्तननमा विदेभीकरणको मुल कारण आर्थिक कारण हो । उनका अनुसार समाजमा धनी, मध्यम र निम्न वर्गका मानिसहरु रहेका हुन्छन् । यस किसिमको विभेदीकरणको अवस्थाले समाजको संचालनमा बाधा पुगिरहेको हुन्छ । सरकारले नागरिकको पालनपोषण र बुद्धिमान अनि मध्यस्थ जनसंख्याको स्थापनाका लागि नागरिकको जन्म, शक्ति र सम्पत्तिको असमान परिमाणप्रति एरिस्टोटल सधैं चिन्तित रहेका देखिन्छन् ।

सन् (२०००-२०१५) सबैको लागि शिक्षा कार्यक्रमले सम्मेलन मार्फत सबै बालबालिका एवं अल्पसंख्यक, दलित पिछडिएका वर्गको लागि नि:शुल्क अनिवार्य माध्यमिक शिक्षामा सबैको पहुँच र स्तरीयता, प्राथमिक शिक्षाको सुनिश्चितता गरिनु पर्ने कुराको शिक्षालाई स्तरीय शिक्षा भन्ने कुरालाई प्रष्ट पारेको देखिदैन । त्यसकारण त्यो कुराहरु उठाउन म अनुसन्धान गर्न प्रस्तुत विषयको छनौट गरेको हुँ । वि.सं. (२०५९-२०६४) ले शिक्षालाई गरिबी निवारणका लागि र दलित पिछडिएको वर्ग तथा महिलाको जीवन स्तर उकास्न शिक्षाको सहयोग सिद्ध हुने र दलित पिछडिएको वर्ग तथा महिलालाई त्यसमा राखी उनीहरुको पहुँच बढाउन विशेष कार्यक्रम संचालन गर्नुपर्ने कुरा उल्लेख गरेपनि त्यो विशेष कार्यक्रम कुन कुन र कसरी संचालन गर्ने भन्ने बारेमा प्रस्तुत पार्न सकेको छैन । त्यसकारण म आफ्नो अनुसन्धानमा ती विशेष कार्यक्रमहरु उल्लेख गर्न यस अनुसन्धानले सहयोग गर्ने छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

शिक्षा एउटा सामाजिक प्रकृया भएकोले समाज विकासका सन्दर्भमा उदय भएका सिद्धान्तहरुले शिक्षाको क्षेत्रमा पनि महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । पूर्व स्वीकृत सिद्धान्तमा आधारित कुनै पनि तथ्यहरु विश्वसनीय र वास्तविक हुन्छन् । अनुसन्धानबाट पत्ता लगाएका कुराहरु स्थापित सिद्धान्तबाट प्रमाणित भएको हुनुपर्छ । यस्ता मान्यता प्राप्त तथ्याङ्कहरुको सहयोगबाट नयाँ समस्याको समाधानका लागि विकल्पहरु खोज्नु सजिलो हुन्छ । समाजमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने क्रममा सरोकारवाला पक्षहरुमा उत्प्रेरणा जगाउन आवश्यक पर्दछ । यसले हरेक व्यक्तिको काममा जोस, जाँगर, उत्साह, मनोबल बढ्छ भन्नु स्विकृत मान्यता भएकोले उत्प्रेणा सम्बन्धी विभिन्न सिद्धान्तहरुलाई यस अनुसन्धान कार्यमा उपयोग गर्नु उचित हुने देखिन्छ ।

उदारबाद अंग्रेजी लिवर्टी बाट विकसित शब्द लिबरलीज्म को नेपाली रुपान्तरण हो । जसको अर्थ सबैले समान सुविधा र स्वतन्त्रताको अधिकार पाउनु वा मिल्नु पर्छ भन्ने आधुनिक राजनैतिक तथा आर्थिक सिद्धान्त हो । ( नेपाली शब्दसागर २०५७)। उदारवाद जन्म सत्रौं शताब्दिमा भएको भनिए तापनि प्राचीन ग्रीक नगर राज्यबाट विकास भएको पाइन्छ । यसले सामाजिक नियन्त्रणको ठाउँमा व्यक्तिगत विचारलाई मान्यता दिई व्यक्तिगत स्वतन्त्रतालाई प्रोत्साहित गर्ने गर्छ । (काफ्ले २०५६) । आधुनिक उदारवादको सिद्धान्तहरुमा आदान प्रदानको सम्पूर्ण ढोका सधैं खुल्ला रहनु, ठूला उद्योगको राष्ट्रियकरण, समुचित शिक्षाको व्यवस्था मुख्य छन् । उदारवादको विकासमा १८औं शताब्दीमा जोन लक, जीन ज्याक्स रुसो, मनटेस्क्य" प्रमुख थिए । उक्त सिद्धान्तले सबैलाई समान सुविधा र स्वतन्त्रता पाउनु पर्ने कुरा उल्लेख गरेको छ ।

सन् १९४३ मा अब्राहम मास्लोले आवश्यकताको पदसोपान/श्रृंखलाको सिद्धान्त प्रतिपादन गरेका हुन् । मास्लोको आवश्यकताको श्रृंखलाको सिद्धान्त अनुसार कार्य अभिप्रेरणाको लागि मानिसका आवश्यकतालाई पाँच श्रृखलामा प्रस्तुत गरेका छन् । आवश्यकताको क्रम अनुसार पहिलो शारीरीक आवश्यकता, दोश्रो सुरक्षा आवश्यकता, तेश्रो सामाजिक आवश्यकता, चौथो आत्मसम्मान आवश्यकता र पाँचौ आत्म बोध हुन् । आधार भुत आवश्यकता परिपूर्ति नगरी उच्च आकांक्षाको इच्छा सिर्जना हुँदैन । (भट्टद्वारा उदृत २०६२) दलित एवं गैर दलित विद्यार्थीहरुको सिकाई उपलब्धीको तुलनात्मक विश्लेषण गर्न, तराईबासी दलित विद्यार्थीहरुको शिक्षामा सहभागिता बढाउन, शैक्षिक अवस्थामा सुधार ल्याउनका लागि यस्ता सिद्धान्तहरुको उपयोग गर्न सकिन्छ ।

## २.३ पुनरावलोकनको उपादेता

सम्बनिधत साहित्यको पुनरावलोकनले समस्याको बारेमा परिचय गराउन, अध्ययनको उद्देश्यहरु निर्धारण गर्न, यस अध्ययनको औचित्य र सीमा निर्धारण गर्नका साथै अनुसन्धानको ढाँचा तयार गर्न अनुसन्धानको लागि नमुनाहरु छनौट गर्न, सुचनाहरु संकलन गर्न, प्रश्नावलीहरु, असंरचित अन्तवार्ता र सहभागितात्क अवलोकन फारमको निर्माण गर्नमा सहयोग गर्नुका साथै सुचना संकलन गर्ने तरिकाहरुमा आवश्यक निर्देशन सहयोग गर्दै संरचनाहरु विश्लेषण गर्न र अनुसन्धानको सारांश निकाल्न र अध्ययनको अन्तमा देखिएका समस्याहरुलाई निराकरण गर्नका लागि आवश्यक सुझावहरु प्रसतुत गर्न निरन्तर सहयोग गरेकोले प्रस्तुत विषयमा अनुसन्धान गरिएको हो । दलित छात्रछात्रा सम्बन्धी यो अध्ययनले तराईबासी दलित छात्रछात्राहरुको अवस्था र तिनीहरुका समस्याहरु पहिचान गरी समाधानका लागि आवश्यक उपायहरु समेत सुझाव गर्ने भएकोले शिक्षा क्षेत्रमा यो अध्ययनको शैक्षिक उपादेयता धेरै छ ।

यस विषयमा थप अध्ययन र अनुसन्धान गर्न चाहने अध्ययनकर्ताहरुका लागि यो अध्ययनले आवश्यक मार्ग निर्देशन गर्नेछ भने सम्बन्धित शिक्षकहरुलाई समेत यसले पृष्ठपोषण प्रदान गरी कार्यमा सक्रियताका साथ थप हौसला र उत्साह प्रदान गर्नेछ । एरिस्टोटल, मास्लो आदिको सिद्धान्तले तराईबासी दलितहरुको शिक्षाको अवस्था सुधार्न सहयोग गरेकोले यी सिद्धान्तहरुको प्रयोग गरिएको छ ।

# परिच्छेद तीन

# अध्ययन विधि

कुनै पनि विषयवस्तु वा समस्याका बारेमा अध्ययन गर्दा त्यस सँग सम्बन्धित सम्पूर्ण जानकारीहरुलाई सहज र सरल तरिकाबाट राख्न तथ्य तथ्याङ्क प्राप्त गरी सोहीी आधरमा निष्कर्ष तयाँ सारांश निकाली उपलब्धिपूर्ण खोज अनुसन्धान बनाउनु आवश्यक हुन्छ । अनुसन्धान कार्यबाट अपेक्षित उद्देश्य पूरा गर्न निश्चित प्रक्रिया तथा तरिकाहरु अपनाइन्छ, जसलाई अध्ययन विधि भनिन्छ । निर्धारित विधि तथा प्रक्रिया एवम् तरिका बिना संचालन गरिएको अध्ययन अपुरो एवम् अपूर्ण अनुसन्धान हुने हुन्छ र त्यसबाट प्राप्त नतीजा पनि अर्थपूर्ण एवम् उद्देश्यमूलक नभई पूर्णतः गलत हुन जान्छ । तसर्थ अध्ययनका निम्ति विधि पूर्व निर्धारित गरिनु पर्दछ । यस अध्ययनलाई सम्पन्न गर्न आवश्यक पर्ने जानकारी एवम् तथ्यांक संकलन गर्न विभिन्न अध्ययन विधिहरुको प्रयोग गरिएको छ ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

यो शोधकार्य गुणात्मक, परिमाणात्मक र मिश्रित ढाँचामा आधारित छ । गुणात्मक अनुसन्धानमा कुने एउटा खास अवस्था प्रक्रिया समस्या र घटनाको व्याख्या विश्लेषण गरिन्छ । संकलन गरिएको तथ्याङ्कका स्वस्थ साहित्य नभई शाब्दिक हुन्छ । गुणात्मक अनुसन्धानमा यसको मापनको लागि नामरुपी सकेल र क्रमागत स्केल आदि गुणात्मक स्केलको प्रयोग गरिन्छ । संकलन गरिएको असाङ्ख्यिक तथ्याङ्कलाई तार्किक विधिद्वारा विश्लेषण गरिन्छ । अध्ययन अनुसन्धानका क्रममा यथास्थितिमा अर्थात् प्राकृतिक अवस्थामा अध्ययन गरिने भएकोले गुणात्मक तथ्याङ्कलाई प्राकृति खोजको रुपमा लिने गरिन्छ । संख्यात्मक अनुसन्धानमा अध्ययन गरिने चरहरुको परिमाणलाई प्रत्यक्ष रुपमा मापन गरी प्राप्त संख्यात्मक तथ्याङ्कलाई गणितीय वा

तथ्याङ्कशास्त्रीय विश्लेषण विधिद्वारा निष्कर्षमा पुऱ्याएको छ । यस शोधकार्यमा गुणात्मक र संख्यात्मक दुवै मिश्रित अनुसन्धान ढाँचामा आधारित रही अध्ययन अनुसन्धान गरिएको छ । असाङ्ख्यिक तथा साङ्ख्यिक दुवै किसिमका आवश्यकता अनुसार तथ्याङ्कहरु संकलन गरी व्याख्या विश्लेषण गरिएको छ ।

## ३.२ अध्ययनको जनसंख्या

यस अध्ययनको लागि सप्तरी जिल्ला अन्तर्गत सम्पूर्ण सामुदायिक विद्यालयहरु र ती विद्यालयहरु सँग सम्बन्धित अभिभावकहरु, प्र.अ. हरु, शिक्षकहरु एवम् अध्ययनरत सम्पूर्ण विद्यार्थीहरु यस अध्ययनको जनसंख्याको रुपमा रहेका छन् । यो अध्ययन गुणात्मक र संख्यात्मक विधिमा आधारित रहेर तराईबासी दलित विद्यार्थीहरुको शैक्षिक अवस्था वा स्तरलाई उपयुक्त ढंगले व्याख्या गरिएको छ । साथै यिनीहरुको शैक्षिक अवस्थामा सुधार गर्ने कार्यक्रम बारे पनि स्पष्ट पार्न खोजिएको छ ।

### नमुना छनौट प्रक्रिया

कुनै पनि विषयवस्तु वा समस्याका बारेमा अध्ययन गर्दा त्यससँग सम्बन्धित सम्पूर्ण तथ्यांकहरुलाई संलग्न गराई अध्ययन गर्न अत्यन्त कठिन हुन्छ । त्यस कारण यसो नहोस् भन्नका लाि केही नमुनाको छनौट गरी अध्ययन तथा अनुसन्धान गर्ने गरिन्छ । यस अध्ययनमा नमुना छनौटका लागि सप्तरी जिल्लाको ११४ ओटा गा.वि.स. मध्ये दलितहरुको बाहुल्यता रहेका २ ओटा गा.वि.स. तरहौता र जण्डौल तथा नगरपालिकाहरु मध्ये राजविराज नगरपालिका नमुनाको आधारमा छनौट गरिएको छ । यी गा.वि.स. हरुबाट विद्यालय र विद्यार्थीहरु उत्तरदाता अभिभावकहरु शिक्षकहरुको छनौट कक्षा अवलोकन  र प्राप्ताङक संकलन फारमद्वारा वार्षिक परीक्षाको प्राप्ताङ्क निम्न किसिमबाट गरिएको छ । उपरोक्त नमुना छनौटलाई निम्न अनुसारको नमुना छनौट तालिकामा प्रस्तुत गर्न सकिन्छ ।

### ३.२.१ विद्यालयको छनौट

तराईबासी दलित विद्यार्थीहरुको शैक्षिक तथ्याङ्क संकलन गर्नको लागि ४ ओटा विद्यालयहरु सम्भावनायुक्त नमुना छनौट विधिबाट छनौट गरिएको छ।

### ३.२.२ शिक्षकको छनौट

छनौट गरिएका प्रत्येक विद्यालयबाट पाँच-पाँच जना गरी ४×५=२० जना शिक्षकलाई अन्तवार्ताका लागि सम्भावनायुक्त नमुना छनौट विधिबाट छनौट गरिएको छ।

### ३.२.३ प्र.अ.को छनौट

छनौटमा पर्ने प्रत्येक विद्यालयका प्र.अ. गरी ४×१ =जम्मा ४ जना प्र.अ. हरुलाई उद्देश्यमूलक नमुनाका रुपमा छनौट गरिएको छ।

### ३.२.४ विद्यार्थीको छनौट

विद्यालयमा अध्ययनरत प्रत्येक तहका विद्यालयबाट १० जना पर्ने गरी ४×१०=४० दलित विद्यार्थीहरुलाई सम्भावनायुक्त नमूना छनौट विधि द्वारा नमूना छनौट गरिनेछ।

### ३.२.५ अभिभावकहरुको छनौट

यस अनुसन्धानकर्तालाई आवश्यक सूचना संकलन गर्नका लागि नमुना छनौटमा परेका विद्यार्थी प्रत्येक विद्यालयका विद्यार्थीका ३५×१= ३५ जना अभिभावकहरुलाई उद्देश्यमूलक नमुना विधिहरु छनौट गरिएको छ । उत्तरदाताको रुपमा अन्तर्वाता लिइएको छ । घरमूलीको रुपमा यस अध्ययनमा अनुसन्धानकर्ताको प्रश्नको जवाफ दिन सक्ने पुरुष वा महिलालाई लिइएको छ।

## ३.३ तथ्याङ्कका श्रोतहरु

अनुसन्धानको प्रकृति अनुसार तथ्याङ्क प्राप्त हुने श्रोतहरु फरक-फरक हुन सक्छन् । तथ्याङ्कहरु जहाँबाट प्राप्त गर्न सकिन्छ । त्यस क्षेत्रलाई तथ्याङ्कको श्रोत मानिन्छ । यस अनुसन्धानका लागि निम्न अनुसार २ प्रकारका श्रोतहरु प्राथमिक र सहायक उपयोग गरिएको छ ।

### ३.३.१ प्राथमिक स्रोत

प्रत्यक्ष रुपमा सकलित तथ्याङ्कहरुलाई प्राथमिक श्रोत भनिन्छ । अनुसन्धानकर्ताद्वारा अन्तर्वाता, प्रश्वनावली तथा अवलोकन आदिको माध्यमबाट तथ्यांक संकलन गरिन्छ । प्राथमिक तथ्याङ्कका लागि नमुना छनौटमा परेका विद्यालयहरुका प्र.अ., शिक्षक, एवम् विद्यार्थीहरुसँग प्रत्यक्ष सम्पर्क राखी उनीहरुको वर्तमान अवस्था, समस्या र समाधानका उपायहरुका बारेमा प्रश्वनावली गर्न लगाउनुका साथै विद्यार्थीहरुसँग अन्तर्वार्ता पनि लिइएको छ ।

### ३.३.२ द्वितीय श्रोत

यस अध्ययनमा तथ्याङ्कको सहायक श्रोतको रुपमा विद्यार्थीहरुको शैक्षिक तथ्याङ्क, प्रकाशित पुस्तक, पत्र-पत्रिका विद्यालयको उपस्थिति प्रतिशत र यस जिल्लाको जिल्ला शिक्षा कार्यालयको स्रोतहरु संकलन गरेर प्रयोग गरिएको छ । व्यक्तिगत दस्तावेज, विद्यालयको अभिलेख, स्रोतकेन्द्र अन्तर्गत रहेका अभिलेखहरु तथा सार्वजनिक दस्तावेज शोध ग्रन्थहरु आदि द्वितीय स्रोतको रुपमा उपयोग गरिएको छ । यस अध्ययनका क्रममा द्वितीय स्रोतले वैधता र विश्वसनीयता बढाउन सघाएको छ ।

## ३.४ तथ्याङ्क संकलनका साधनहरु

साधनहरुका रुपमा अन्तवार्ता, प्रश्नावली र अवलोकनका माध्यमबाट तथ्याङ्क संकलन गरिनेछ । यसको साथै अध्ययनलाई विश्वासिलो बनाउन

अध्ययनकर्ताले नमुना छनौट परेका विद्यालयमा गई तथ्याङ्क संकलन गरिएको छ ।

### ३.४.१ अन्तर्वार्ता

व्यक्तिको आन्तरिक धारणा, विचार, सोच, चाहनाको आदान प्रदान गर्ने कार्यको सशक्त माध्यमको रुपमा अन्तवार्तालाई लिइन्छ । अन्तवार्ताले किन ? कहाँ ? कसरी ? कस्तो ? जस्ता प्रश्नहरुको गहिराईमा पुगी खोजी गर्दछ । यस अध्ययनको लागि नमुना छनौटमा परेका प्र.अ., शिक्षक र विद्यार्थीहरुसँग अन्तर्वार्ता लिइएको छ ।

### ३.४.२ प्रश्नावली

अध्ययनकर्ताले अध्ययनसँग सम्बन्धित प्रश्नहरु निर्माण गरी नमुना छनौटमा परेका विद्यलायका शिक्षक र प्रधानाध्यापकबाट अनुसूची ४ र ५ बमोजिम प्रश्वनावलीको उत्तर संकलन गरी तथ्याङ्क लिइएको छ । उत्तरदातासँग प्रश्न सोध्नु अगावै निश्चित विषयमा आधारित रहेर अन्तर्वार्ताका लागि निर्माण गरिएका प्रश्नहरुलाई यहाँ अन्तर्वार्ता प्रश्वनावली भनिने छ, यो प्रश्वनावली यस अध्ययन कार्यमा तराई बासी दलित विद्यार्थी, दलित अभिभावक र शिक्षकरुको लागि प्रयोग गरिएको छ । यस अन्तर्वार्ता प्रश्नावली मार्फत तराईबासी दलित अभिभावक केटाकेटी र शिक्षकहरुसँग छुट्टाछुट्टै रुपमा तथ्यांक संकलन गरिएको छ । तराईबासी दलित विद्यार्थीहरुसँग शिक्षा र विद्यालय प्रतिको धारणा, रुचि, विद्यालयको सुगमता, विद्यालयमा शिक्षक र गैरदलित विद्यार्थीहरुले उनीहरु प्रति गर्ने व्यवहार, शिक्षकले विद्यार्थीलाई गर्ने उपचार, तराईबासी दलित विद्यार्थीहरुमा हुने हिनताबोध, तराईबासी दलित विद्यार्थीहरुको कक्षामा बसाई, घरमा गर्नुपर्ने काम, आमाबाबुको उनीहरु प्रतिको भेदभाव, घरमा पढ्ने समय र पढने वातावरण आदि बारे प्रश्न सोधिएको छ । यसका साथै तराईबासी केटाकेटीहरुको शैक्षिक अवस्था, विद्यालयले उनीहरुका लागि गरेको शैक्षिक व्यवस्था, छात्रवृत्ति, उनीहरुको

शिक्षामा बाधक बनेका तत्वहरु तराईबासी दलित विद्यार्थीहरुलाई हेर्ने दृष्टिकोण आदि बारेमा सोधिएको छ ।

### ३.४.३ अवलोकन

प्रत्यक्ष र अप्रत्यक्ष अवलोकनलाई अध्ययनको आधार बनाइएको छ । गुणात्मक प्रकृतिको अनुसन्धान भएकोले सावधानीपूर्वक गरिएको अवलोकनले वास्तविकतामा पुग्न र अध्ययनलाई वैध र विश्वसनीय बनाउन सहयोग पुऱ्याएको छ । तराईबासी दलितहरुको शैक्षिक उपलब्धिको स्तरमा के कस्ता पक्षले प्रभाव पारेका छन् भन्ने सन्दर्भमा विद्यालयहरुको अवलोकन गरिएको छ, जसमा विद्यालयको शिक्षण सिकाई क्रियाकलाप विधि, शिक्षकले दलित विद्यार्थी र गैर दलित विद्यार्थीबीच गर्ने व्यवहार र दृष्टिकोण, दलित विद्यार्थीहरुको कक्षाकोठाको बसाई र सहभागिता, दलित विद्यार्थीहरुमा हुने हिनताबोध र घरको अवलोकनमा दलितहरुको पारिवारिक, शैक्षिक र आर्थिक अवस्था, विद्यार्थीले खेल्ने, समय र पढने समय, आमाबाबुको शैक्षिक दृष्टिकोण र घरको वातावरणको अवलोकनमा गरिएको छ ।

### ३.४.४ प्राप्ताङ्क संकलन फारम

तराईबासी दलित विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्क संकलन गर्नको लागि प्रयोग गरिने फारमलाई यहाँ प्राप्ताङ्क संकलन फारम भनिएको छ । यस अध्ययनमा सबै प्रकारको फारम दलित तथा गैर दलित विद्यार्थीहरुले अघिल्लो वर्षमा प्राप्त गरेको प्राप्ताङ्क कक्षामा तिनीहरुको स्थान तथा प्राप्ताङ्क संकलन फारमद्वारा ५ ओटा विषय (अंग्रेजी, नेपाली, गणित, सामाजिक र विज्ञान) को विषयको परीक्षाको प्राप्ताङ्क लिइएको छ र उक्त प्राप्ताङ्कको औसतबाट नै मानांक निर्धारण गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया

नमुना छनौटमा परेका प्र.अ., विद्यार्थी, शिक्षकहरु, अभिभावकहरुलाई अनुसन्धानकर्ता आफैले भेटेर लिखित प्रश्वनावलीको माध्यमबाट तथ्याङ्क संकलन गरेको छ । अन्तर्वार्ता प्रश्वनावलीको माध्यमबाट तथ्यांङ्क संकलन गरिएको छ । विद्यार्थीहरुसँग सामुहिक रुप्मा अन्तरक्रिया गरी विविध सूचना संकलन गरिएको छ । अभिभावकहरुसँग विद्यार्थी मार्फत सम्बन्ध स्थापना गरी प्रत्यक्ष भेटघाट गरेर तथ्याङ्क सूचना संकलन गरिएको छ । शैक्षिक संस्थाको स्थलगत सर्वेक्षण, अवलोकनका क्रममा प्राप्त महत्वपूर्ण तथ्याङ्क सूचनालाई डायरी टिपोट गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

यो शोधकार्य सप्तरी जिल्लाको विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थीहरुसँग अन्तर्वार्ता, प्रश्नावली, कक्षाकोठाको अवस्था अवलोकन फारामबाट प्राप्त सूचनालाई तालिकाकरण गरी चरणबद्ध रुपमा व्याख्या विश्लेषण र प्रस्तुतीकरण गरिएको छ ।

# परिच्छेद चार

## तथ्याङ्कको व्याख्या तथा विश्लेषण

अध्ययन तथा अनुसन्धानका लागि छनौट गरिएका नमुनाबाट सहीत तथ्याङ्क प्राप्त गर्न तयार पारिएको साधनको सहायताबाट तथ्याङ्क संकलन गरिसकेपछि तथ्याङ्कलाई विश्लेषण तथा प्रस्तुतीकरण गर्नु पर्दछ । जबसम्म तथ्याङ्कको सहि विश्लेषण गरिदैन तबसम्म सहि निष्कर्ष निस्कदैन ।

यस परिच्छेदमा खास गरी नमुना तथ्याङ्कको अवलोकनबाट प्राप्त सूचनालाई सिलसिलाबद्ध प्रस्तुतीकरण र विश्लेषण गरिएको छ । सामान्यतया नेपालमा दलित वर्गको शैक्षिक स्थिति कमजोर रहेको विभिन्न अध्ययनहरुले देखाएको पाइन्छ । कमजोर आर्थिक र जनचेतनाको कमीले गर्दा विद्यालय जाने तराईबासी दलित बालबालिकाहरुको संख्या जयादै कम पाइन्छ । त्यसैले दलितहरुको विद्यालय तहको शैक्षिक अवस्था के-कस्तो रहेको छ, के-कति कारणले उनीहरुको शैक्षिक उपलब्धिको स्तर कस्तो छ र के-के पक्षहरुले प्रभाव पारेको छ भनी अध्ययन गर्नको लागि सप्तरी जिल्लाको २ गा.वि.स. जण्डौल र तेरहौता तथा राजविराज नगरपालिकाका कुल ४ ओटा सरकारी विद्यालयका दलित बालबालिकाहरु, दलित बालबालिका अभिभावकहरु र शिक्षकहरुलाई नमुनाको रुपमा लिई त्यहाँबाट संकलन गरिएका तथ्याङ्कलाई विश्लेषण तथा व्याख्या गर्ने प्रयास गरिएको छ ।

### ४.१ दलित बाल बालिकाहरुको शिक्षामा सहभागिताको अवस्था

जण्डौल गा.वि.स. का कुल विद्यालयहरु मध्ये यस अध्ययनमा परेका एउटा माध्यमिक विद्यालयबाट दलित बालबालिकाहरुको शिक्षामा संलग्नताको स्तर बोध गराउने तथ्याङ्क संकलन गरिएको छ । त्यस्तै तेरहौता गा.वि.स.का कुन विद्यलाय मधये १ ओटा विद्यालय नमुनामा छनौट गरिएको छ । राजविराज न.पा. बाट पनि तथ्याङ्क संकलन गरिएको छ ।

### ४.१.१ प्राथमिक तहका दलितहरुको संख्यात्मक स्थिति विवरण

प्राथमिक तहको कक्षा १ देखि ५ सम्म शैक्षिक सत्र २०७१ मा नमुना छनौटमा रहेका ४ वटा विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरु निम्नानुसार रहेको पाइयो ।

यस अध्ययनबाट ४ वटा प्राथमिक स्तरका कक्षागत दलित विद्यार्थीहरुका भर्ना संख्या हेर्दा सबभन्दा बढी दलित विद्यार्थीहरु श्री लु.ल.स. ज.उ.मा.वि. तेरहौतामा रहेको पाइयो र सबभन्दा कम दलित विद्यार्थी श्री के.अ.मा.वि. रा.वि. मा रहेको देखिन्छ ।

### ४.१.२ मा.वि. र नि.मा.वि. तहका दलितहरुको संख्यात्मक स्थिति विवरण

नि.मा.वि. र मा.वि. तहमा अध्ययनरत शैक्षिकसत्र २०७१ का दलित विद्यार्थीहरुको तथ्याङ्क निम्नानुसार रहेको पाइयो । यस अध्ययनबाट अध्ययन छनौटका ४ वटा नि.मा.वि./मा.वि. हरुका दलित विद्यार्थीहरु भर्नाको दृष्टिकोणले श्री लु.ल.स. ज.उ.मा.वि. तेरहौतामा सबभन्दा उच्च रहेको देखिन्छ भने सबभन्दा कम दलित विद्यार्थी श्री के.अ.मा.वि. रा.वि. मा रहेको देखिन्छ । गैर दलितको तुलनामा दलित विद्यार्थीहरु अत्यन्तै कम रहेको देखिन्छ ।

### ४.१.३ प्राथमिक तहमा दलित विद्यार्थीहरुको कक्षागत प्राप्ताङ्क विवरण

प्राथमिक तहको कक्षा १ देखि ३ सम्म ६०० पूर्णाङ्क र कक्षा ४ देखि ५ सम्म ७०० पूर्णाङ्क रहे अनुसार कक्षा १ देखि ४ सम्मका विद्यार्थीहरुलाई अन्तिम परीक्षामा कुनै एउटा विषय लागे तापनि कक्षा नचढाउने तर कक्षा ५ को अन्तिम परीक्षामा भने कुनै एउटा विषयमा अनुत्तीर्ण भए तापनि स्वतः कक्षा चढाइने प्रवृत्ति रहेको पाइयो । साना कक्षाहरुमा कक्षा दोहऱ्याउने र

कक्षा छाड्ने प्रवृत्तिलाई निरुत्साहित गर्न स्वतः कक्षा चढ्ने नियम लागु गर्नु पर्ने ठाउँमा प्राथमिक विद्यालयमा ठीक उल्टो नियम रहेको पाइयो ।

यस अध्ययनबाट ४ वटा प्राथमिक विद्यालयको कक्षागत प्राप्ताङ्क हेर्दा श्री प.वि.मा.वि. राजविराजको सबभन्दा बढी प्राप्ताङ्क कक्षा ३ को ४७.८७ प्रतिशत र सबभन्दा कम प्राप्ताङ्क कक्षा ४ को ३५.३४ प्रतिशत रहेको छ । त्यस्तै श्री के.अ.मा.वि. राजविराजको सबभन्दा बढी प्राप्ताङ्क ५ को ४८ प्रतिशत र सबभन्दा कम प्राप्ताङ्क कक्षा २ को ३५.३४ प्रतिशत रहेको छ । त्यस्तै श्री ज.च.उ.मा.वि. घोंघिदाहाको सबभन्दा बढी प्राप्ताङ्क कक्षा ३ को ४६.३३ प्रतिशत र सबभन्दा कम प्राप्ताङ्क १ को ३५.५ प्रतिशत रहेको छ । श्री लु.ल.स.ज.उ.मा.वि. तेरहौताको सबभन्दा बढी प्राप्ताङ्क कक्षा ५ को ६८ प्रतिशत र सबभन्दा कम प्राप्ताङ्क कक्षा २ को ४३.८३ प्रतिशत रहेको छ । माथिको तालिका नं. ४ लाई निम्नानुसार ग्राफ चार्टमा देखाइएको छ ।

### ४.१.४ प्राथमिक तहमा दलित तथा गैर दलित विद्यार्थीहरुले प्राप्त गरेको औसत प्राप्ताङ्क विवरण

कक्षा ३ को उपलब्धि मधयम खालको रहेको देखिएको छ । कक्षा १, २ र ४ को औसत उपलब्धी कमजोर रहेको देखिन्छ । कक्षा ५ को उपलब्धी सामान्यतया मध्यम खालको मान्न सकिन्त । कुनै एउटा विषयमा अनुतिर्ण भए पनि कक्षा चढाउने प्रवृत्ति कक्षा ५ मा देखिन्छ । कक्षामा एक दुई जना दलित विद्यार्थीको उपलब्धी उच्च रहे पनि अन्य धेरैको भने कम रहेको पाइएको छ । कक्षा ५ बाट उत्तीर्ण हुने दलित विद्यार्थीमा धेरैलाई विषय लागेको अध्ययनका क्रममा देखिएको छ ।

समग्रमा भन्नुपर्दा दलित विद्यार्थीहरुको प्राथमिक तहको शैक्षिक उपलब्धि न्यून रहेको पाइयो । प्रा.वि. तहमा दलित तथा गैर दलित विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्कलाई निम्नानुसार देखाइएको छ ।

माथिको तालिका अनुसार हेर्दा ४ ओटा प्राथमिक विद्यालयको दलित तथा गैर दलित विद्यार्थीहरुले प्राप्त गरेको औसत प्राप्ताङ्कलाई कक्षागत रुपमा माथिको तालिकामा देखाइएको छ । तराइबासी दलित विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्क कक्षा १ देखि ५ समम क्रमशः ४०.२६, ४०.६५, ४५.६२, ४१.६६ र ५१.८३ प्रतिशत देखाइएको छ भने गौर दलित तर्फ कक्षा १ देखि ५ सम्म क्रमशः ५४.७४, ५२.३५, ५४.३८, ५३.३४ र ४६.१७ देखाइएको छ । माथिको तालिका नं. ५ लाई निम्नानुसार स्तम्भ चित्रमा देखाइएको छ ।

### ४.१.५ नि.मा.वि. र मा.वि. तहमा दलित विद्यार्थीहरुको कक्षागत प्राप्ताङ्क विवरण

नि.मा.वि. र मा.वि. तहका दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धी पत्ता लगाउने सन्दर्भमा नमुनामा परेका सबै मा.वि.हरुमा कक्षा ६ देखि १० सम्म पढाइ हुने मा.वि.हरु परेकाले उपलब्धि अंकलाई एउटै तालिकामा देखाइएको छ । कक्षा ६ देखि ८ सम्मको नि.मा.वि. तहको पाठ्यक्रम ७०० पूर्णाङ्कको रहेको र मा.वि. तहमा ८०० पूर्णाङ्कको पाठ्यक्रम रहे अनुसार कक्षा ८ मा जिल्ला स्तरीय परीक्षा हुने र कक्षा १० मा एस.एल.सी. बोर्ड परीक्षा हुने भएकोले अरु कक्षाका परीक्षा र बोर्ड परीक्षाको उपलब्धी बीच भिन्नता रहेको पाइएको छ ।

यस अध्ययनबाट ४ ओटा विद्यालयको कक्षागत प्राप्ताङ्क हेर्दा श्री प.वि.मा.वि. राजविराजको सबभन्दा बढी प्राप्ताङ्क कक्षा ९ को ५०.१२ प्रतिशत र सबभन्दा कम प्राप्ताङ्क कक्षा ६ को ३३.३ प्रतिशत रहेको छ ।

त्यस्तै श्री के.अ.मा.वि. राजविराजको सबभन्दा बढी प्राप्ताङ्क कक्षा १० को ६० प्रतिशत र सबभन्दा कम प्राप्ताङ्क कक्षा ८ को १० प्रतिशत रहेको छ । श्री ज.चे.उ.मा.वि. घोघिदाहाको प्राप्ताङ्क कक्षा ६ को सबभन्दा बढी ६० प्रतिशत र कक्षा १० को सबभन्दा कम २० प्रतिशत रहेको छ ।

### ४.१.६ नि.मा.वि. र मा.वि. तहमा दलित र गैर दलित विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्क विवरण

यस अध्ययनबाट ४ ओटा नि.मा.वि. र मा.वि. तहका दलित तथा गैर दलित विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्कलाई कक्षाका औसत प्राप्ताङ्कको रुपमा माथिको तालिकामा देखाइएको छ । उक्त अध्ययन क्षेत्रका सम्पूर्ण मा.वि. हरुमा कक्षा ६ देखि १० सम्म पठनपाठन हुने भएकोले नि.मा.वि. र मा.वि. तहको प्राप्ताङ्क एउटै तालिकामा देखाइएको छ । तराईबासी दलित विद्यार्थीहरुको प्राप्त गरेको प्राप्ताङ्क कक्षा ६ देखि १० सम्म क्रमशः ३६.६५, ५०.४३, ३०.०५, ३५.०३, ३५.९३ प्रतिशत देखिएको छ भने गैर दलित विद्यार्थीहरु तर्फ कक्षा ६ देखि १० सम्म क्रमशः ६२.७५, ६०, ५०.५, ६२.५ र ५०.५ प्रतिशत देखिएको छ । यसरी तुलनात्मक रुपले दलित र गैर दलित विद्यार्थीहरुको प्राप्ताङ्क हेर्दा प्रत्येक कक्षामा दलित विद्यार्थीहरु भन्दा गैर दलित विद्यार्थीहरुको औसत प्राप्ताङ्क बढी देखिन्छ ।

### ४.१.७ गैर दलित र दलित विद्यार्थीहरुले प्राप्त गरेको विषयगत उपलब्धि

यहाँ माध्यमिक विद्यालयका कक्षा १० का तराईबासी दलित तथा गैर दलित विद्यार्थीहरुले एस.एल.सी. परीक्षामा प्राप्त गरेको उपलब्धिलाई विषयगत रुपमा प्रस्तुत गरिएको छ । विद्यार्थी छनौट गर्दा सबभन्दा बढी अंक ल्याउने दुई ओटा माध्यमिक विद्यालयबाट एक/एक जना विद्यार्थीलाई छनौट गरिएको छ ।

यसबाट के देखिन्छ भने श्री लु.ल.स.ज.उ.मा.वि. तेरहौता को कक्षा १० मा सावित्री मुसहर ५ ओटा विषयको प्राप्ताङ्कमा सबैभन्दा राम्रो ४६ विज्ञानमा देखिन्छ । त्यसपछि क्रमशः नेपालीमा ३८, सामाजिक ३७, गणितमा ३६, अंग्रेजीमा ३५ देखाइएको छ । यो छात्रा अन्य विषयमा भन्दा गणित र अंग्रेजी विषयमा कमजोर देखिन्छ । त्यस्तै गैर दलित तर्फ कक्षा १० को छात्रा सीता यादवको ५ वटा विषयको प्राप्ताङ्क क्रमशः गणित ६९, अंग्रेजी ६२, विज्ञानमा ७२, नेपालीमा ६४ र सामाजिक ४९ छ । यो प्राप्ताङ्क दलित छात्रा भन्दा बढी देखिन्छ ।

यसबाट के देखिन्छ भने श्री जनचेतना उच्च मा.वि. घोघिदाहा कक्षा १० का छात्र नरेश राम ५ ओटा विषयको प्राप्ताङ्कमा सबै भन्दा राम्रो ५१ विज्ञानमा देखिन्छ । त्यसपछि नेपालीमा र सामाजिकमा क्रमशः ४९ र ४९, अंग्रेजीमा ३८ र सबैभन्दा कम गणितमा ३६ रहेको छ । त्यसैगरी गैर दलित तर्फ कक्षा १० का छात्र सन्तोष सिंहले प्राप्त गरेको विषयगत प्राप्ताङक, क्रमशः गणितमा ६२, अंग्रेजीमा ५०, विज्ञानमा ८१, नेपालीमा ५७ र सामाजिकमा ५८ देखिएको छ । उक्त प्राप्ताङ्क दलित विद्यार्थी नरेश रामको ५ ओटै विषयको औसत प्राप्ताङ्क ४३.८ देखिएको छ भने गैर दलित सन्तोष सिंह ५ ओटै विषयको औसत प्राप्ताङ्क ६१.६ देखिएको छ ।

### ४.१.८ दलित विद्यार्थीहरुको कक्षामा स्थानक्रम

विद्यार्थीले परीक्षामा प्राप्त गरेको स्थानक्रमका आधारमा पनि उसको शैक्षिक स्थिति कुन स्थानमा छ भने पत्ता लगाउन सकिने हुँदा यो नमुना विद्यालयका सबै तराइबासी दलित विद्यार्थीहरुको विभिन्न क्रम समुहमा विभाजन गरी तालिकामा देखाइएको छ ।

माथिको तालिकाबाट के प्रष्ट हुन्छ भने दलित विद्यार्थीहरुले कक्षामा प्राप्त गर्ने स्थानक्रम अगाडी छैन । नमुनामा परेका ४ ओटा विद्यालयका कुल

दलित विद्यार्थीहरु मधये २.८ प्रतिशतले मात्र प्रथम देखि पाँचौं स्थान हासिल गरेका छन् । त्यस्तै ७.८ प्रतिशतले छैटौ देखि दसौं स्थान प्राप्त गरेका छन् । एघारौं देखि माथिका स्थान हासिल गर्नको संख्या अत्याधिक रहेको तालिकाबाट बढी रहेको छ र सोही अनुसार स्थानक्रममा पनि अगाडी नै रहेको देखिन्छ । प्रथम देखि पन्ध्रौं स्थानसम्म रहने विद्यार्थीहरुको संख्या तुलनात्मक रुपमा छात्राको भन्दा छात्रको बढी रहेका देखिन्छ । तर २१औं स्थान भन्दा पछाडिका स्थानहरुमा भने छात्रछात्राको स्थान क्रममा ठूलो भिन्नता देखिन्छ । यी सम्पूर्ण आधारबाट हेर्दा तराइबासी दलित विद्यार्थीहरु गैर दलित विद्यार्थीहरुसँग प्रतिस्पर्धा गर्न नसकेको र उपलब्धि स्तरमा पछाडि परेको देखिन्छ ।

### ४.१.९ दलित विद्यार्थीहरुको दैनिक विद्यालय उपस्थिति विवरण

विद्यार्थीको उपलब्धिमा प्रभाव पार्ने एउटा तत्वको रुपमा विभाजन उपस्थितिलाई पनि लिन सकिन्छ । अनियमित रुपमा विद्यालय उपस्थिति हुने विद्यार्थीको भन्दा पनि नियमित रुपमा उपस्थिति हुने विद्यार्थीको उपलब्धि पक्कै पनि धेरे हुन सक्छ । यस अध्ययनमा नमुनामा परेका ४ ओटा विद्यालयमा गई विद्यार्थीहरुको वार्षिक हाजिरी संकलन गरियो जसलाई औसतमा निकालेर निम्न रुपमा तालिकामा प्रसतुत गरिएको छ ।

माथिको तालिकामा हेर्दा १ वर्ष भरिमा २४९ दिन विद्यालय खुलेको देखिन्छ । त्यसमा पनि जम्मा २०७ दिन मात्र पढाई भएको तथ्याङ्क मार्फत देखिएको छ । शिक्षा नियमावली २०५९ को परिच्छेद १५ को नियम ८४ उपनियम ५ मा उल्लेख गरे अनुसार वर्षभरिमा कम्तिमा पनि २२० दिन विद्यालय खोल्नु पर्ने भनी तोकिएको छ तर अध्ययन क्षेत्रका सबै विद्यालयहरु २२० दिन भन्दा बढी खुलेको देखियो । अध्ययन क्षेत्रका कुल ४ वटा विद्यालयहरु खुल्ने दिन फरक फरक रहेका पाइयो र सोही अनुसार पढाई पनि कुनै विद्यालयका सबै

भन्दा धेरै २१३ दिन भएको देखिन्छ भने कुनै विद्यालयमा सबैभन्दा कम २०३ दिन मात्र छ । यसरी हेर्दा गा.वि.स. का विद्यालयहरु खुल्ने दिन पनि फरक फरक रहेको देखिन्छ । विद्यालयमा बढी दिन पढाई हुनाको कारण स्थानीहरुले बढी दिन दिा नदिएर विद्यालय संचालन गरेको हो । कुनै पनि विद्यालयमा दलित विद्यार्थीहरुको उपस्थिति ८० प्रतिशत भन्दा माथि नाघ्न नसकेको देखिन्छ । त्यसरी नै तिनीहरुको सबैभन्दा कम (६९.०%) श्री प.वि.उ.मा.वि.राजविराजमा देखिन्छ भने सबैभन्दा बढी (७७.०%) श्री लु.ल.स.ज. उ.मा.वि. तेरहौतामा देखिन्छ । औसतमा दलित विद्यार्थीहरुको विद्यालय उपस्थिति ७७.९ % देखिन्छ । जसमा छात्राको उपस्थिति ७४.९ प्रतिशत रहेको देखिन्छ भने छात्राको उपस्थिति ७०.९ प्रतिशत रहेको छ । यसरी हेर्दा छात्रको भन्दा छात्राको विद्यालय उपस्थिति तुलनात्मक रुपमा कम रहेको छ । नमुनामा परेका ४ ओटा विद्यालयहरु मध्ये कुनै पनि छात्र र छात्राको विद्यालय उपस्थितिमा समानता रहेको पाइँदैन । तसर्थ हामी के भन्न सक्दछौं भने दलित विद्यार्थीहरुको विद्यालय उपस्थिति कमा त छँदैछ । त्यसमाथि पनि छात्राहरुको उपस्थिति त झन् कम रहेको छ । दलित विद्यार्थी भन्दा गैर दलित विद्यार्थीहरुको विद्यालय उपस्थिति निकै बढी रहेको देखिन्छ ।

अध्ययन क्षेत्रका कुल ४ वटा विद्यालयको समग्र दलित विद्यार्थीहरुका भर्नाको स्तरलाई हेर्दा श्री लु.ल.स.ज.उ.मा.वि. तेरहौताको विद्यार्थी भर्ना सन्तोषजनक भएता पनि तुलनात्मक औसतमा गैर दलित भन्दा अत्यन्तै न्यून रहेको देखिन्छ । शैक्षिक स्तरलाई हेर्दा कक्षा छाड्ने अनुतीर्ण दर सबभन्दा बढी कक्षा ५ को रहेको छ भने सबभन्दा कम कक्षा ८ को रहेको देखिन्छ । अध्ययन क्षेत्रका दलित विद्यार्थीहरु मध्ये कक्षामा प्रथम देखि पाँचौं स्थानमा ल्याउने दलित विद्यार्थीहरु २.८ प्रतिशत मात्र देखिन्छ । यस अध्ययनबाट दलित विद्यार्थीहरुको विद्यालयमा उपस्थिति न्यून रहेको साथै योग्यताक्रममा पनि पछि परेको देखिन्छ । जसमा छात्रहरुको तुलनामा छात्राहरुको स्थिति कमजोर

छ । दलित विद्यार्थीहरु तथा गैर दलित विद्यार्थीहरुको विषयगत प्राप्ताङ्क हेर्दा पनि दलित भन्दा गैर दलित विद्यार्थीहरुको प्राप्ताङ्क बढी देखिन्छ ।

विद्यालयको समय-समयमा आयोजना हुने अतिरिक्त क्रियाकलाप जस्तो हाजिरी जवाफ प्रतियोगिता, बतृत्वकला आदिमा दलित विद्यार्थीहरुको सहभागिता न्यून रहेको देखिन्छ । विशेष गरी यी जातका विद्यार्थीहरु खेलकुदमा विशेष रुचि राख्ने गरेको अध्ययनबाट देखिन्छ । तराइबासी दलित विद्यार्थीहरुको कक्षामा सहभागिता पत्ता लगाउनको लागि कक्षा अवालेकन गर्दा ८१ प्रतिशत दलित विद्यार्थीहरु कक्षामा उपस्थिति भएको देखियो र गैर दलित विद्यार्थीहरुको कक्षामा उपस्थिति दलित विद्यार्थीहरु भन्दा बढी ९१ प्रतिशत रहेको अध्ययनबाट देखियो ।

अध्ययन क्षेत्रमा सबैभन्दा बढी ७२.९ प्रतिशत दलित अभिभावकले कृषि पेसा अपनाएको देखिन्छ भने बाँकी अरु मिस्त्री, व्यापार, शिक्षण र वैदेशिक रोजगारमा लागेको देखिन्छ । त्यसै गरी ५४.२ प्रतिशत अभिभावकले लेखपढ गर्न नजान्ने र बाँकी सामान्य साक्षर ५ पास, ८ पास, र ४.२ प्रतिशत एस.एल.सी. पास गरेको देखिन्छ । नमुनामा परेको अभिभाहरु ३९.६ प्रतिशत एकल परिवार र ६०.४ प्रतिशत संयुक्त परिवार भित्र रहँदै आएको अध्ययनले देखाउँछ । शिक्षाप्रतिको यिनीहरुको दृष्टिकोण पूर्णरुपले नकारात्मक नरहे तापनि आफ्नो आर्थिक अवस्थाका कारण सबै छोराछोरीलाई विद्यालय पठाउन नसकेको देखिन्छ । व्यापार, शिक्षण र वैदेशिक रोजगारमा लागेका अभिभावकहरु अरु पेसामा लागेका अभिभावक भन्दा आफ्ना छोराछोरीको शिक्षाप्रति सचेत रहेको देखिन्छ ।

## ४.२ दलित बालबालिकाको शैक्षिक सहभागितामा प्रभाव पार्ने तत्वहरु

जुनसुकै देशको शिक्षा प्रणालीमा पनि विद्यालय तहको शिक्षाले ज्यादै महत्वपूर्ण स्थान ओगट्न सफल भएको हुन्छ । विद्यालय शिक्षालाई समग्र

शिक्षाको आधार स्तम्भ मान्ने गरिन्छ । जग बलियो भयो भने घर बलियो हुन्छ भने झैं बालकको विद्यालय तहको शिक्षालाई सफलीभुत पार्न सकियो भने उच्च शिक्षाको लागि दह्रो आधार तयार हुन्छ । तर बालकको शिक्षा प्राप्ति सहजरुपमा हुन नसकी त्यसलाई विभिन्न तत्वहरुले प्रभाव पारिरहेका हुन्छन् । यस अध्ययनमा पनि तराइबासी दलित बालबालिकाको शिक्षामा कस्तो तत्वहरुले प्रभाव पारिरहेका छन् भनी थाहा पाउनका लागि तराइबासी दलित अभिभावक, बालबालिका र शिक्षकसँग अन्तर्वार्ता लिइएको छ । स्थलगत अध्ययनका क्रममा दलित विद्यार्थीहरुको घरमा दुई दिनसम्म बसेर अध्ययन अनुसन्धान गरिएको छ । उक्त अन्तर्वाता तथा स्थलगत अध्ययनका आधारमा शैक्षिक उपलब्धिमा प्रभाव पार्ने निम्न तत्वहरुको पहिचान गर्न बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

### ४.२.१ गरिबी

गरिबीको कारणले विद्यालय पोशाक, भर्ना शुल्क, किताब, कापी र कलम किन्ने पैसाको अभाव र आवश्यक परेको समयमा रुपैयाँ-पैसा सापटी पाउन लागि गाह्रा परेको कुरा अन्तर्वार्ताको क्रममा पाइयो । धेरै विद्यार्थीहरु विद्यालय पोशाक नलगाएर विद्यालय आएको पनि देखियो । शिक्षाबाट तुरुन्त प्रतिफल नपाइने हुँदा छिटै आर्थिक लाभ हुने कामतिर आर्कषित भई शिक्षाप्रति बेवास्ता गरेको र आर्थिक काममा आफ्ना छोराछोरीहरुलाई लगाएको अवलोकनका क्रममा देखियो ।

केटाकेटीहरुले घरमा काम गर्नुपर्ने कारणले धेरै कम मात्रामा विद्यालयमा उपस्थिति हुन पुगेका छन् । उसमा पनि छोरीले घरको काम धन्दामा, सघाउनुपर्दछ भन्ने धारणा अभिभावकको रहेको छ । दलित समाजमा पनि केटी भन्दा केटा नै धेरै स्वतन्त्र छ । अवलोकनका क्रममा दलितहरुको घरमा जाँदा छोराहरु स्कूल गएको र छोरीहरु घरमा काम गरिराखेको पाइयो । जग्गा जमिन नभएका कारणले प्रत्येक दिन काम नगरी खान नपाउने हुँदा साना

बालबालिकाहरुले परिवारका ठुला सदस्यसँग काम गर्न गएको अवलोकनका क्रममा देखियो ।

तराइबासी दलित समुदायमा जाँड-रक्सीको अत्यधिक प्रयोग, चाडपर्वमा बढी रमाइलो गर्ने चलनले गर्दा मोजमस्तीमा रमाई यथास्थितिमै खुशी हुने हुँदा बालबालिकामा पनि त्यस्तो प्रभाव परेको अवलोकनका क्रममा देखियो । यसबाट के प्रष्ट हुन्छ भने साँस्कृतिक परम्पराले गर्दा पनि उनीहरुको शैक्षिक उपलब्धिमा ह्रास आएको पाइन्छ ।

छिटो विवाह गर्ने चलन, धेरै सन्तान जन्माउने प्रवृत्तिले गर्दा बालबालिकाको भविष्यप्रति अभिभावकले चिन्ता नलिएको, भगवानले दिन्छन् भगवानले पाल्न कर लाग्छ भन्ने रुढिबादी धारणा अन्तर्वार्ताका क्रममा बताए । तराइबासी दलित बालबालिकाहरु माओवादी द्वन्द्वबाट प्रभावित भएको पाइयो । तराइबासी दलित वर्गको उत्थानको लागि पनि दलित तराइबासी विद्यार्थीहरु माओवादी द्वन्द्वमा लागेको अवलोकनका क्रममा उनीहरुको घरमा जाँदा थाहा पाइयो ।

समग्रमा तराइबासी दलितहरुको शैक्षिक उपलब्धि खस्कनुमा गरिबी र चेतनाको अभावका कारणले, शैक्षिक पाठ्यपुस्तकमा जातीय विभेदयुक्त वाक्यहरु रहिरहनु, विभिन्न क्षेत्रका शैक्षिक संस्थाहरुमा जातीय विभेद, छुवाछुत हुनु र व्यापक निरक्षरताको कारणले, शिक्षा र साँस्कृतिक चेतनाको कमी हुनु, अगुवा तराई दलितहरुको अभाव र तराइबासी दलित सीपको अवहेलना आदि कारणले तराइबासी दलितहरुको शैक्षिक उपलब्धिमा ह्रास आएको शिक्षकहरुसँगको अन्तर्वार्ता, दलित विद्यार्थीहरु र अभिभावकहरुसँगको अन्तर्वार्ता र अवालेनका क्रममा दलितहरुका घरमा जाँदा थाहा पाइयो ।

### ४.२.२ अभिभावकको पेसा

नेपाली समुदायमा प्रायः आमाबाबुले जुन पेसा अपनायो छोराछोरीले पनि त्यसैको सिको गर्ने गरेको पाइन्छ । अध्ययन क्षेत्रका तराइबासी दलित बालबालिकाहरुको शिक्षामा पनि अभिभावकको पेसाले प्रभाव पारेको देखियो । बाबुआमा दिनभर ज्याला-मजदुर गर्न जाने र छोराछोरी पनि विद्यालय जान छोडी उनीहरुलाई सघाउन गएको देखियो । शिक्षक र व्यापारी अभिभावक भने आफ्ना छोराछोरीको शिक्षाप्रति होसियार रहेको पाइयो । बाबुआमा भएको चेतना र राम्रो कमाइ भएका अभिभावकका छोराछोरीहरु बढी मात्रामा विद्यालय गएको अध्ययनका क्रममा देखियो । तसर्थ अभिभावकको पेसाले पनि उनका बालबालिकाको शिक्षामा प्रभाव पारेको मान्न सकिन्छ । स्थलगत अवलोकनका क्रममा नमुनामा परेका कुल ४८ जना दलित अभिभावकहरु मध्ये ३५ जना कृषि पेसामा संलग्न भएको पाइयो र उनीहरुको छोराछोरी पनि अभिभावकहरुसँग खेतीपातीको काम गर्न गएको पाइयो । यसबाट नै प्रष्ट हुन्छ कि दलित विद्यार्थीहरु विद्यालय जान छोडेर आफ्ना आमाबावु सँग कृषि कार्यमा सघाउन गाह्रो जान्छन् र कृषि पेसा गरेर उनीहरुलाई छोराछोरी पढाउन धौ धौ परेको पाइयो ।

### ४.२.३ परिवारको आर्थिक अवस्था

नेपालमा पिछडिएका जातिभित्र पर्ने एउटा जाति तराइबासी दलित पनि हो भने यिनीहरुको आर्थिक स्थिति खस्केको देखिन्छ । नेपालको स्थिति हेर्ने हो भने कमजोर आर्थिक अवस्था भएका कारण आफ्ना सबै बालबालिकाहरुलाई विद्यालय पठाउन नसकेको र विद्यालय गएकाहरु पनि बीचैमा विद्यालय छोड्न बाध्य भएको देखियो । कतिपय अभिभावकले त कापी, कलम, विद्यालयको पोशाक समेत किन्न नसकेको कारण आफ्ना बालबालिकाको विद्यालय जान नसकेको स्वीकारे । तर आर्थिक अवस्था राम्रो भएका केही दलितहरुले भने छोराछोरीको शिक्षालाई महत्वका साथ हेरेको पाइयो । यसरी

हेर्दा अभिभावकको सक्षम वा असक्षम आर्थिक अवस्थाले उनीहरुको बालबालिकाको शिक्षामा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । तराइका अधिकांश दलितहरु कृषि पेशामा संलग्न भएको र कृषिबाट वर्षभरि खान नपुग्ने अवस्था देखिएकोले उनीहरुको आर्थिक अवस्था कमजोर रहेको अवलोकन क्रममा दुई दिनसम्म उनीहरुको घरमा जाँदा थाहा पाइयो ।

### ४.२.४ अभिभावकको शैक्षिक अवस्था

शैक्षिक रुपले पिछडिएका तराइबासी दलितहरु मध्ये ७० प्रतिशत पुरुष र ९६ प्रतिशत आफै पनि अशिक्षित छन् । अध्ययन क्षेत्रका दलित अभिभावहरु पनि शैक्षिक जनचेतनाको कमीले गर्दा आफ्ना बालबालिकाको शिक्षामा ध्यान दिन नसकेको देखियो । "थोरै पढेर के हुन्छ धेरै पढाउन सकिदैन" भन्ने भावनाले गर्दा आफ्ना बालबालिकाहरुलाई प्राथमिक शिक्षासम्म पनि पुरा गराउन नदिएको अवलोकनका क्रममा बताए । तर, केही शिक्षक र व्यापार पेसामा लागेका अभिभावक भने आफ्ना बालबालिकालाई नियमित रुपमा विद्यालय पठाएको अवलोकनका क्रममा बताए । यसरी हेर्दा अभिभावकको शैक्षिक अवस्थाले बालबालिकाको शिक्षामा प्रभाव पारेको देखिन्छ ।

### ४.२.५ सामाजिक अवस्था

हाम्रो समाजमा दलितहरुलाई छुवाछुतको भावनाले हेरिने हुँदा यी जातिहरु समाजमा पछि परेको देखिन्छ । अध्ययन क्षेत्रका तराइबासी दलितहरु पनि यस्तै छुवाछुतको मारमा परेको देखियो । विद्यालयमा छुवाछुत सम्बन्धी ज्ञान नदिएको कारण दलित बालबालिकाहरुमा मानसिक असर परेको देखियो । कतिपय स्थानमा दलितहरुलाई लगाएको बन्देजले गर्दा मानसिक रुपमा आफूलाई कमजोर ठान्ने कारणले गर्दा यसको असर उनीहरुको शिक्षामा पर्न सक्ने देखिन्छ । जस्तो : मन्दिर प्रवेश गर्न नपाउने कारणले मानसिक असर परेको अन्तर्वार्ताको क्रममा बताए । दशैं, तिहार जस्ता ठूला पर्वहरुमा

मन्दिरमा हुने पूजामा दलितहरुलाई मन्दिर भन्दा धेरै टाढा बस्न दिएको अवलोकनका क्रममा देखियो ।

### ४.२.६ पारिवारिक वातावरण

अध्ययन क्षेत्रमा तराईबासी दलित बालबालिकाहरुको शिक्षामा उनीहरुको पारिवारिक वातावरणले प्रत्यक्ष रुपमा प्रभाव पारेको देखिन्छ । परिवारमा आफ्ना दाजु वा दीदीले नपढेको वा विद्यालय छोडेको छ भने उसले पनि विना कारण विद्यालय छाड्ने संस्कृति रहेको देखियो । अर्कोतर्फ घरमा एक जना विद्यालय पढ्ने बालक छ भने उसलाई घरको अध्ययनमा सहयोग गर्ने कोही नभएको र पढ्ने उचित वातावरण समेत नभएको पाइयो । दलित समुदायमा चाडपर्वहरु धुमधामसँग मनाउने, जाँड-रक्सी खाने, विदेशीने र तास खेल्ने परम्पराले गर्दा बालबालिकाहरु पनि आफ्ना अभिभावकहरुको सिको गर्ने र घरमा जाँड रक्सी खाएर झै झगडा हुने हुनाले उनीहरुको पढाईमा बाधा पुगेको पाइयो । अवलोकनका क्रममा दलित विद्यार्थीहरुको घरमा जाँदा आफ्ना अभिभावकहरु सँगै उनीहरुले पनि रक्सी, चुरोट खाएको पाइयो ।

### ४.२.७ भू-स्वामित्व र खाद्यान्नको अवस्था

अध्ययन क्षेत्रमा धेरै दलितहरुको खेती गर्नका लागि आफ्नै जमिन नभएका कारण साहुको जग्गा कमाएको र आफ्ना दरसन्तान पाल्नका लागि साहुको जग्गाबाट कमाएको खाद्यान्न पर्याप्त नभएको बताए । नमुनामा परेका धेरैको खेती गर्न खेत नभएको र जग्गा भएकाहरुको पनि सिम र चाहार खालका मात्र जग्गा भएको अभिभावकहरुले बताए । साहुको जग्गामा धेरै परिश्रम गरे तापनि थोरै मात्रै आफूले पाउने हुँदा त्यो आफ्ना परिवारलाई पाल्न पर्याप्त नभएका कारण धेरै जग्गा कमाउनु पर्दा आफ्ना छोराछोरीलाई पनि सँगै खेतबारीमा लैजानु पर्ने हुँदा उनीहरुको विद्यालय उपस्थिति अनियमित हुन

पुगेको बताए । कतिपय बालबालिकाहरु विद्यालय नगई आमाबुवासँगै कार्य गईरहेको अवलोकनका क्रममा देखियो ।

### ४.२.८ विद्यालय बाहिर शिक्षकको व्यवहार

विद्यालय बाहिर शिक्षकहरुको विद्यालयमा जस्तो व्यवहार नगर्ने हुनाले विद्यार्थीहरु विद्यालयमा घुलमिल हुन नसकेको देखिन्छ । जस्तैः- विद्यालय बाहिर शिक्षकहरुले दलितहरुले छोएको नखाने, उनीहरुको घरमा नजाने, दलितहरुको पसलमा नबस्ने आदि अवलोकनका क्रममा देखियो ।

## ४.३. दलित बालबालिकाहरुको शैक्षिक सहभागितामा देखा परेका समस्याहरु

दलित बालबालिकाहरुलाई नियमित रुपमा विद्यालय जान मन लागे तापनि कमजोर आर्थिक अवस्थाका कारण घरमा र खेतबारीमा आफ्ना आमाबुवासँग काममा जानु पर्ने हुँदा विद्यालयमा अनियमितत भई शिक्षामा नै पछि परेको अध्ययनबाट देखिन्छ । छोराहरुको तुलना छोरीहरुलाई घरको काम बढी गर्नुपर्ने, अध्ययनबाट देखिन्छ । छोराहरुको तुलनामा छोरीहरुलाई घरको काम बढी गर्नुपर्ने, नियमित विद्यालय जान नपाउने हुँदा अभिभावकहरुको विद्यार्थीहरुप्रति छुवाछुत सम्बन्धी कुनै नराम्रो व्यवहार नगरे तापनि विशेष प्रोत्साहन भने गैर दलित विद्यार्थीहरुलाई दिएको धेरै विद्यार्थीहरुले दलित विद्यार्थीहरु समान व्यवहार गरे तापनि, कुनै कुनै ले भने छुवाछुत प्रथाको जरो झै दरिलो राखेको अध्ययनबाट देखिन्छ ।

गरिबीको कारणले विद्यालय पोशाक, भर्ना शुल्क, किताब, कापी र कलम किन्ने पैसाको अभाव र आवश्यक परेको समयमा रुपैयाँ-पैसा सापटी पाउन पनि गाह्रो परेको कुरा अर्न्तवार्ताका क्रममा पाइयो । केटाकेटीहरुले घरमा काम गर्नुपर्ने कारणले धेरै कम मात्रामा विद्यालयमा उपस्थिति हुन पुगेका छन् । उसमा पनि छोरीले घरको काम धन्दामा, सघाउनुपर्दछ भन्ने धारणा अभिभावकको रहेको छ । मधेशी दलित समाजमा पनि केटी भन्दा केटालाई

धेरै स्वतन्त्रता छ । अवलोकनका क्रममा दलितहरुको घरमा जाँदा छोराहरु स्कूल गएको र छोरीहरु घरमा काम गरिराखेको पाइयो ।

तराईका दलित समुदायमा जाँड रक्सीको अत्यधिक प्रयोग, चाडपर्वमा रमाइलो गर्ने चलनले गर्दा मोजमस्तीमा रमाई यथास्थितिमै खुशी हुने हुँदा बालबालिकामा पनि त्यस्तो प्रभाव परेको अवलोकनका क्रममा देखिन्छ । यसबाट के प्रष्ट हुन्छ भने साँस्कृतिक परम्पराले गर्दा पनि उनीहरुको शैक्षिक उपलब्धिमा ह्रास भएको हुन सक्छ ।

छिटो विवाह गर्ने चलन, धेरै सन्तान जन्माउने प्रवृत्तिले गर्दा बालबालिकाको भविष्यप्रति अभिभावकले चिन्ता नलिएको, भगवानले दिन्छन्, भगवानले पाल्न कर लाग्छ भन्ने रुढीबादी धारणा अन्तर्वार्ताका क्रममा बताए ।

समग्रमा तराईका दलितहरुको शैक्षिक उपलब्धि खस्कनुमा गरिबी र चेतनाको अभावका कारणले, शैक्षिक पाठ्यपुस्तकमा जातीय विभेदयुक्त वाक्यहरु रहिरहनु, विभिन्न क्षेत्रका शैक्षिक संस्थाहरुमा जातीय विभेद, छुवाछुत हुनु र व्यापक निरक्षरताको कारणले, शिक्षा र साँस्कृतिक चेतनाको कमी हुनु ।

दलित बालबालिका, अभिभावक र शिक्षकसँग गरेको अन्तर्वार्ता आधारमा परिवारको आकार, अभिभावकको पेसा, परिवारको आर्थिक अवस्था, अभिभावकको शैक्षिक अवस्था, सामाजिक अवस्था, पारिवारिक वातावरण, भू-स्वामित्व तथा खाद्यान्नको अवस्था र विद्यालयको दूरी आदि तत्वहरुले तराइबासी दलित बालबालिकाको शिक्षामा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ ।

## ४.४ दलित बालबालिकाको शैक्षिक सहभागितामा देखापर्ने समस्या समाधानका उपायहरु

विद्यालयका जल्दा बल्दा समस्याहरुलाई समाधान गर्न विद्यालयप्रति चासो राख्ने सबै निकाय र पक्षहरुको पूर्ण सहभागिता र जिम्मेवारीको आवश्यकता पर्दछ र त्यसकारण यस अध्ययनको क्रममा देखा परेको विद्यालयको समस्याहरुलाई समाधान गर्नका लागि निम्न उपायहरु उल्लेख गरिएको छ ।

### ४.४.१ छात्रवृत्ति कार्यक्रम

बालबालिकाको शिक्षामा सहभागिता बढाउनका लागि आर्थिक सहयोगको रुपमा छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने हुन्छन् । यस वर्गका व्यक्तिहरु आर्थिक समस्याकै कारण नै शिक्षा प्राप्त गर्नबाट बन्चित रहेको अवस्था देखिएकाले यस किसिमका समस्या समाधान गर्नको लागि छात्रवृत्ति कार्यक्रम जस्ता प्रयासहरु आवश्यक देखिन्छन् ।

### ४.४.२ भेदभावको अन्त्य

विद्यालयमा दलित र गैर-दलित विचको भेदभावकै कारण दलित बालबालिकााहरु विद्यालय जान चाहँदैनन् । जसको प्रत्यक्ष प्रभाव दलित बालबालिकाहरुको विद्यालय शिक्षामा पर्दछन् । यस्ता समस्या न्यूनिकरणका लागि विद्यालय हाताभित्र कुनै पनि प्रकारको भेदभावलाई निरुत्साहित गरेर यस्ता समस्यालाई समाधान वा न्यूनीकरण गर्न सकिन्छ ।

### ४.४.३ सकारात्मक सोचको विकास

हाम्रो समाजमा आज पनि पुरानो रुढीबाढी परम्पराबाट ग्रसित छन् जसको फलस्वरुप एक अर्का प्रति सधैं नकारात्मक विचार प्रकट गर्ने गर्दछ । त्यस्ता प्रवृत्तिलाई अन्त्य गरी विद्यालय शिक्षामा दलित विद्यार्थीहरुको सहभागिता बढाउन सकिन्छ ।

### ४.४.४ चेतनामुलक कार्यक्रम

विद्यालय शिक्षामा बढि भन्दा बढी दलित बालबालिकाहरुलाई सहभागी गराउन लक्षित वर्गको लागि शिक्षाको महत्वको बारेमा समय-समयमा चेतनामुलक कार्यक्रमहरु प्रस्तुत गर्नुपर्दछ । विद्यालय भित्र वा बाहिर गरिने यस्ता क्रियाकलापले लक्षित वर्गका विद्यार्थीहरुको विद्यालय अनुपस्थिति हुने र सहभागिता न्यून हुने प्रक्रियामा काम आउँछन् ।

### ४.४.५ विशेष अवसर

विद्यालय शिक्षामा दलित विद्यार्थीहरुको सहभागिता प्रभावकारी बनाउन त्यस्ता वर्गको लागि विशेष अवसर प्रदान गर्नुपर्दछ र अवसर पाएपछि सदुपयोग गर्नुपर्छ भन्ने कुराको महत्व दिँदै लक्षित वर्गहरुका बालबालिकाहरुलाई आवश्यक सल्लाह-सुझाव दिन सकिन्छ ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझावहरु

यस परिच्छेदमा अनुसन्धानकर्ताले अध्ययन क्षेत्रमा गरेको अध्ययन अनुसन्धानको क्रममा संकलित भएका तथ्याङ्क, सूचना र जानकारीहरुलाई व्याख्या विश्लेषण र प्रस्तुतीकरण गरिएको आधारमा प्राप्त भएका तथ्याङ्क अध्ययनको निष्कर्ष एवम् सुझावहरुलाई समावेश गरिएको छ ।

## ५.१ निष्कर्ष

अध्ययन क्षेत्रको विश्लेषण र हासिल गरेका उपलब्धिहरुको आधारमा यस अध्ययनबाट प्राप्त भएका निष्कर्षहरु यस प्रकार छन्

अध्ययन क्षेत्रका ४ ओटा विद्यालयहरुमा दलितहरुको शैक्षिक उपलब्धिको स्तर कम रहेको छ । शिक्षा र अन्य सुविधाहरुबाट समेत विमुख गरेका दलितरुको शैक्षिक स्थिति खस्कँदै जानुलाई समग्र राष्ट्रको नै समस्या मान्न सकिन्छ । घरको पारिवारिक वातावरण, आर्थिक स्थिति जस्ता प्रमुख तत्वले गर्दा दलित बालबालिकाहरु नियमित रुपमा विद्यालय उपस्थिति हुन सकेका छैनन् र विद्यालय उपस्थिति भएकाहरुमा पनि प्रर्याप्त मात्रामा कापी, कलम र पाठ्यपुस्तकको अभाव देखिन्छ । जसको कारणले गर्दा दलित विद्यार्थीहरु अनुतीर्ण भई उपलब्धिहरु निकै खस्किएको देखिन्छ । कमजोर आर्थिक अवस्था भएका दलित विद्यार्थीहरुलाई प्रदान गरिने दलित तथा लक्षित छात्रवृत्ति एउटै कक्षामा फेल भएकालाई प्रदान नगरिनाले ऊ सोही कक्षामा शैक्षिक सामग्रीहरु किनेर पढ्न नसक्ने हुँदा विद्यालय छाड्नु परेको बाध्यात्मक स्थिति छ ।

अध्ययन क्षेत्रका विद्यालयहरुमा गैर-दलित विद्यार्थीहरुको तुलनामा दलित विद्यार्थीहरुको संख्या कम देखिन्छ । प्राथमिक विद्यालय जाने ६-१० वर्ष भनिए

तापनि अध्ययन क्षेत्रका विद्यालयमा १० वर्ष भन्दा माथिका विद्यार्थीहरुले अध्ययन गरेको देखियो । यसबाट के भन्न सकिन्छ भने दलित समुदायका विद्यार्थीहरुले ६ वर्षका उमेरमा विद्यालय भर्ना वा बढी मात्रामा कक्षा दोहोऱ्याउने गरेका छन् । अध्ययन क्षेत्रका ४ वटै विद्यालयको शैक्षिक उपलब्धिको स्तर राम्रो देखियो । विदालय छुवाछुत सम्बन्धी कुनै नराम्रो व्यवहार नभए तापनि शिक्षकको गैर-दलित प्रतिको प्रोत्साहन र विद्यालय बाहिरको समाजमा भने यथावतै रहेको जातीय छुवाछुतको अभ्यासले दलित बालबालिकाहरुमा मानसिक असर परेको देखिन्छ । फलस्वरुप यिनीहरुको उत्तीर्ण दर सानो छ भने कक्षा दोहोऱ्याउने र छाड्ने दर ठूलो रहेको देखिन्छ । कमजोर आर्थिक अवस्था तथा सामाजिक साँस्कृतिक वातावरण, घरमा काम गर्नुपर्ने, अनुत्तीर्ण भएर, स्वेच्छाले, छिटो विवाह र अन्य मुख्य कारणहरु मध्ये आर्थिक अवस्था नै प्रमुख कारक तत्व रहेको देखिन्छ ।

अभिभावकहरुले आफ्ना बालबालिका प्रति गर्ने लैगिक भेदभाव उनीहरुको विद्यालय उपस्थिति, उपलब्धि, उत्तीर्ण दर, कक्षा छाड्ने दर आदिमा प्रष्टै देखिन्छ । पानी बोक्ने, घाँस काट्ने, खाना बनाउने काम केटीहरुले घरमा केटाहरुको तुलनामा बढी गर्नुपर्ने हुँदा केटाहरु जति समय केटीहरुले अध्ययन गर्न नपाएको देखिन्छ । अभिभावकको पेसा, शिक्षा, आर्थिक अवस्था आदिसँग बालबालिकाको शिक्षा प्रत्यक्ष रुपमा सम्बन्धित भएको देखिन्छ । राम्रो कमाउने वा प्रतिष्ठत पेसा भएका र शिक्षित अभिभावकका छोराछोरीको शिक्षा पनि अरु अभिभावकका छोराछोरीका तुलनामा राम्रो देखिन्छ । त्यसैगरी परिवारको आकार सामाजिक अवस्था, परिवारिक वातावरण विद्यालयको दुरी आदि तत्वहरुले पनि बालबालिकाको शिक्षामा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ ।

द्वन्द्वका कारण दलित बालबालिकाहरुलाई पनि विभिन्न पक्षले बढी प्रयोग गरेकोले उनीहरुको पठनपाठनमा प्रभाव परेको देखिन्छ । तर द्वन्द्वका कारणले भने सामाजिक रुढिबादी र परम्पराहरु हट्न गई सामाजिक परिवर्तन आएको

देखिन्छ । शिक्षामा पछि परेका दलितहरुको शैक्षिक स्तरमा वृद्धि होस भनेर केही विद्यालयहरुले जनचेतनामुलक घरदैलो कार्यक्रम, आमभेला कार्यक्रम संचालन गरेको भए तापनि त्यसको प्रभाव समाजमा नपरेको देखिन्छ । बरु उनीहरुको आर्थिक अवस्थालाई टेवा दिने खालका विभिन्न सिपमुलक कार्यक्रमहरु संचालन गर्न सकेमा बढी प्रभावित हुने देखिन्छ ।

कक्षाकोठा क्रियाकलापमा शिक्षक र विद्यार्थीबीच विचारको दोहोरो आदान प्रदान नभएकोले दलित विद्यार्थीहरुले शैक्षणिक क्रियाकलपामा उलेख्य प्रगति गर्न नसकेको देखिन्छ । दलित विद्यार्थीहरु डराउने, लजाउने गरेकोले कक्षा छलफलमा भाग लिने प्रश्नोत्तरमा संलगन हुने गरेको देखिदैन । समुदाय परम्परागत रुढिबादी शैलीमा चल्नाले अभिभावकहरुमा शैक्षिक चेतनाको कमीले गर्दा कलिला बालबालिकामा त्यसको प्रभाव परी विद्यालय नजाने र बीचैमा छोड्ने स्थिति देखा परेको देखिन्छ । विद्यालयमा कम उपस्थिति हुने बालबालिकाको विषयवस्तुमा हुने ज्ञानको कमीले स्वतः विद्यालय नजाने मनस्थिति रहेको छ । आर्थिक समस्या, दलित अभिभावकमा चेतनाको कमी, दलितहरुमा परम्परागत विचार रहनु, दलित महिलाहरु निरक्षर रहनु, दलित केटोकटीहरुमा पढ्नु पर्छ भन्ने भावना जागृत नहुनु ज्रस्ता पक्षले दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धिमा असर पुऱ्याएको देखिन्छ । दलित बालबालिकाहरुको शैक्षिक स्थिति खस्किदै गएको देखिएको छ । कमजोर आर्थिक अवस्था भएका दलित विद्यार्थीहरुलाई प्रदान गरिने दलित तथा लक्षित छात्रवृत्ति एउटै कक्षामा फेल भएकालाई प्रदान नगरिनाले ऊ सोही कक्षामा शैक्षिक सामग्रीहरु किनेर पढ्न नसक्ने हुँदा विद्यालय छाड्नु परेको बाध्यात्मक स्थिति छ । विद्यालय बाहिरको समाजमा यथावतै रहेको जातीय छुवाछुतको अभ्यासले दलित बालबालिकाहरुमा मानसिक असर परेको देखिन्छ । फलस्वरुप चिनीइएको उत्तीर्ण दर सानो छ भने कक्षा दोहोऱ्याउने र छाड्ने दर ठूलो रहेको देखिन्छ । अभिभावकको पेसा, शिक्षा, आर्थिक अवस्था

आदिसँग बालबालिकाको शिक्षा प्रत्यक्ष रुपमा सम्बन्धित भएको देखिन्छ । राम्रो कमाउने वा प्रतिष्ठत पेसा भएका र शिक्षित अभिभावकका छोराछोरीको शिक्षा पनि अरु अभिभावकका छोराछोरीका तुलनामा राम्रो देखिन्छ । आर्थिक समस्या, दलित अभिभावकमा चेतनाको कमी, दलितहरुमा परम्परागत विचार रहनु, दलित महिलाहरु निरक्षर रहनु, दलित केटाकेटीहरुमा पढ्नु पर्छ भन्ने भावना जागृत नहुनु जस्ता पक्षले दलित बालबालिकाहरुको शैक्षिक उपलब्धीमा असर पुऱ्याएको देखिन्छ ।

## ५.२ सुझावहरु

### ५.२.१ नीतिगत तह

विद्यालय शिक्षामा सहभागी दलित विद्यार्थीहरुलाई भएसम्म शिक्षकले सहभागीहरुलाई सुरक्षित र व्यवस्थित ढंगले कक्षामा राखिनु पर्दछ । ती कुराहरुलाई ख्याल राखी बस्ने कुर्सी, डेस्क, बेन्च, सुकुल, गुन्द्री, चकटी आदिमा आ-आफ्नो समुहमा राख्न सके कक्षामा नियमित आउने हुन्छन् । कक्षा कोठामा स्वच्छ हावा, प्रकाश, उपयुक्त तापक्रम भयो भने उनीहरुलाई नियमित कक्षामा जाउँ-जाउँ लाग्ने हुन सक्छ । कक्षामा नियमित हुन नसक्ने कारणमा बस्ने व्यवस्था वा कक्षा कोठा उपयुक्त नभएर हो भन्ने करा धेरै शिक्षक र विद्यार्थीहरुले अभिव्यक्त गरेको पाइयो । दलितलाई अनिवार्य शिक्षाको व्यवस्था गराउनुपर्छ । दलितलाई सर्वसुलभ तरिकाबाट शिक्षा दिलाउनु पर्छ । दलित महिलालाई विशेष प्राथमिकतामा राखिनु पर्छ । सरकारले दलित आर्थिक अवस्थालाई हेरेर निःशुल्क तथा सिपमुलक शिक्षाको व्यवस्था गरिदिनु पर्छ । दलित बालबालिकाहरुको शैक्षिक सहभागितामा देखिएका समस्याहरु समाधान गर्न र शैक्षिक सहभागितामा वृद्धि गर्न शिक्षा विभाग शैक्षिक जनशक्ति विकास केन्द्र, जिल्ला शिक्षा कार्यालय, विद्यालय लगायत सम्बन्धित निकायहरुले उपयुक्त नीति बनाउनुपर्छ ।

### ५.२.२ कार्यान्वयन तह

शैक्षिक संस्थाभित्र भईरहेका कार्यहरुको नियमित अवलोकन, अनुगमन र सुपरिवेक्षण गरी त्यसको अभिलेख राख्ने तथा सरोकारवालासँग अन्तरक्रिया गरी सुधारका लागि प्रयत्नशील रहनु पर्दछ । शिक्षण सिकाईलाई विद्यार्थी केन्द्रीत गराउन विद्यार्थीको रुचि, आवश्यकता स्वभाव र उमेर अनुसारका शैक्षिक सामग्रीको प्रबन्ध र भौतिक सुविधा मिलाउन स्थानीय चन्दादाता, गाउँ विकास समिति, संघसंस्थाबाट आर्थिक सहयोग जुटाउनु पर्दछ । विद्यार्थीको सिकाई उपलब्धि र प्रगति मुल्याङ्कन गर्न अन्तिम परीक्षालाई मात्र प्रमुख आधार बनाएको देखियो । खासगरी गृहकार्य, कक्षाकार्य, अतिरिक्त क्रियाकलापमा विद्यार्थीको सहभागिता, विद्यार्थी अवलोकनलाई समेत मूल्याङ्कनको आधार बनाइनु पर्दछ र विद्यार्थी प्रगतिको नियमित जानकारी विद्यार्थी र अभिभावकलाई गराइनु पर्दछ । विद्यालयले आयोजना गर्ने विभिन्न उत्सव, समारोह, कार्यक्रमहरुमा शिक्षक र अभिभावकहरुलाई सम्मान गर्ने तथा विद्यार्थीहरुलाई पुरस्कार दिई उत्साहजनक सहभागिता बढाइनु पर्दछ ।

विद्यालयको शैक्षिक स्तर वृद्धिमा महिलाको भूमिका विद्यालयको शैक्षिक स्तर वृद्धिमा सरोकारवालाहरुको सहभागिताको अवस्था विद्यालयमा मूल्याङ्कनको अवस्था आदि विषयमा अनुसन्धान गर्न सकिन्छ । यसका साथै दलित बालबालिकाहरुलाई विद्यालय शिक्षामा सहभागि गराउन निम्न कुराहरु गर्न जरुरी देखिन्छ । दलित बालबालिकालाई शैक्षिक संस्थासम्म पुऱ्याउनको निम्ति लुगाफाटो, किताब कापीको व्यवस्था सम्बन्धीत पक्षले गरिदिनु पर्छ । दलितलाई उनीहरुको अधिकार र कर्तव्यबाट सचेत गराउनु पर्छ । समाजमा विद्यालय शिक्षा सम्बन्धी जनचेतना जगाउनु पर्छ ।

### ५.२.३ अनुसन्धानात्मक तह

यस अध्ययनको क्रममा अनुसन्धान गर्दा यस्ता विभिन्न क्षेत्रहरु देखा परेका छन् । जसको बारेमा थप अध्ययन अनुसन्धानको आवश्यकता देखिन्छ । अध्ययनकर्ताले सिमित क्षेत्रमा गरिएको प्रस्तुत शिर्षकको अध्ययनलाई गहन रुपमा चिन्तन मनन गरी सम्बद्ध निकायले राष्ट्रिय स्तरको अध्ययन अनुसन्धान गर्न थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ । यसले आगामी अनुसन्धानलाई महत्वपूर्ण मार्गदर्शन प्रदान गर्नेछ । यसले बालबालिका, महिला लगायत अन्य समुदायको शैक्षिक अवस्था, आर्थिक, सामाजिक अवस्थाको बारेमा अध्ययन गर्न सहयोग पुऱ्याउँछ । भावी अनुसन्धानका लागि थप सम्भाव्य शीर्षकहरु र त्यस्ता केही महत्वपूर्ण पक्षहरुलाई तल उल्लेख गरिएको छ । विद्यालयको शैक्षिक स्तर वृद्धिमा दलितको भूमिका :एक अध्ययन, विद्यालयको शैक्षिक स्तर वृद्धिमा सरोकारवालाहरुको सहभागिताको अवस्था :एक अध्ययन र विद्यालयहरुमा मूल्याङ्कनको अवस्था र चुनौतीहरु :एक अध्ययन ।

## सन्दर्भग्रन्थ सूची

*अधिकारी, यज्ञ प्रसाद* (२०५०) सामाजिक न्याया : नेपालको सन्दर्भ, काठमाण्डौ : प्रजातन्त्र सम्बर्धन केन्द्र र फ्रेड्रिक इबर्ट स्टिफटुङ्ग ।

एक्कासौं शताब्दीमा मधेशी दलित समुदाय मधेशी महासंघ २०६८ ।

*कर्ण, पवनकुमार* (२०६६) सप्तरी जिल्लाका प्राथमिक विद्यालयमा मधेशी दलित बालबालिकाहरुको सहभागिता, शिक्षाशास्त्र संकाय किर्तिपुर, काठमाण्डौ ।

*किसान, यमबहादुर* (२०५८), नेपालमा दलित जातिय मुक्ति आन्दोलन, काठमाण्डौ, जनउत्थान प्रतिष्ठान ।

*विश्वकर्मा, पदमलाल* (२०६०), ब्रह्मणवाद, दलित र आरक्षण, धरान, रत्नभाषा, दलित साहित्य संरक्षण समिति ।

*दलित सेवा आयोग स्मारिका* २०५८ ।

*निउरे, ध्रुवप्रसाद* (२०६८), अनुसन्धान पद्धति, कीर्तिपुर, काठमाण्डौ : क्वेस्ट पब्लिकेशन ।

बुलेटिन (२०६०) राष्ट्रिय आयोग काठमाडौ ।

मधेशी दलित सम्बन्धी कानुनी प्रावधानहरुको सँगालो, राष्ट्रिय दलित आयोग, काठमाण्डौ ।

*मधेशी दलितहरुको शैक्षिक अवस्था* २०६०, राष्ट्रिय दलित आयोग, काठमाण्डौं ।

*मुलुकी ऐन* (१९१०) काठमाण्डौ किताब व्यवस्था समिति ।

राष्ट्रिय शिक्षा आयोगका प्रतिवेदनहरु ।

*बली टेक बहादुर* २०६०, मधेशी दलितहरुको शैक्षिक अवस्था र यसमा प्रभाव पार्ने पक्षहरु, शिक्षाशास्त्र संकाय किर्तिपुर, काठमाण्डौं ।

*वाग्ले, मनप्रसाद र साथीहरु* (२०६९), शिक्षा, सानाठिमी, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र, विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) (२०६६), काठमाण्डौ : शिक्षा मन्त्रालय ।

*विश्वकर्मा, हीरा* (विहीबार, कार्तिक २७), कान्तिपुर देनिक पत्रिका कान्तिपुर पब्लिकेशन सुविधानगर, काठमाण्डौं ।

*शर्मा चिरञ्जीवी* (२०५८), शिक्षाका आधारहरु, काठमाण्डौ, एम.के. पब्लिशर्स एण्ड डिष्ट्रीब्युटर्स ।

*शर्मा, कुबेरनाथ* (२०५७), शिक्षाको दर्शनशास्त्रीय एवम् समाजशास्त्रीय आधार, पुतली सडक काठमाण्डौ : उत्सव बुक्स एण्ड स्टेशनर्स ।

*शर्मा, गोपिनाथ* (२०४२), नेपालमा शैक्षिक इतिहास, भोटाहिटी, काठमाण्डौ : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिब्यूटर्स ।

*शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला* (२०६०), शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार, भोटाहिटी, काठमाण्डौ : एम. के. पब्लिशर्स एण्ड डिष्ट्रिब्यूटर्स ।

*शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला* (२०६३), शिक्षाका आधारहरु, काठमाण्डौ : एम. के. पब्लिशर्स एण्ड डिष्ट्रिब्यूटर्स ।

*शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला* (२०६४), शिक्षण विधि, भोटाहिटी, काठमाण्डौ : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिब्यूटर्स ।

*शिक्षा ऐन* (२०२८) तथा शिक्षा नियमावली (२०५९), बागबजार, काठमाण्डौ : प्रतिष्ठा प्रकाशन ।

# दलित बालबालिकाहरुको शिक्षामा सहभागिता

## अनुसूची १

## विद्यार्थीहरु शैक्षिक तथ्याङ्क संकलन फारम

विद्यालयको नाम :.......................................................................................

जिल्ला :......................................... गा.वि.स. :.......................................

वडा नं............................................. कक्षा :...........................................

| क्र. सं. | विद्यार्थीको नाम | उमेर | अघिल्लो कक्षाको स्थानक्रम | अघिल्लो कक्षाको प्रप्ताङ्क | अ.क्रि.मा. सहभागिता | अघिल्लो कक्षा चढ्दा लागेको विषय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

## दलित बालबालिकाहरुको शिक्षामा सहभागिता

## अनुसूची २

## विद्यार्थीहरु दैनिक उपस्थिति रेकर्ड फारम

| क्र. सं. | महिना<br>विद्यालय खुलेको दिन<br>विद्यार्थीको नाम | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | परीक्षामा उपस्थिति | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | केटा | केटी |
| | | | | | | | | | | | | | | | |

## दलित बालिबालिकाहरुको शिक्षामा सहभागिता

## अनुसूची ३

## विद्यार्थीहरुसँग अन्तर्वार्ताको लागि खुल्न प्रश्वनावली

उत्तरदाताको नाम :-
..........................................................................................
लिङ्गः-
...............................................................................................................
कक्षा :-................................... गा.वि.स. :-.......................... वडा नं. :-.......

१. तिमीलाई विद्यालय जान मन लाग्छ कि लाग्दैन ? किन ?

उत्तर :..........................................................................................................

२. विद्यालयमा कति नियमित जाने गरेका छौं ?

उत्तर :..........................................................................................................

३. नियमित जान सकेका छैनौं भने अनियमित हुनका कारणहरु के-के हुन् ?

उत्तर :..........................................................................................................

४. तिमीले घरमा के-के काम गर्नुपर्छ ?

उत्तर :..........................................................................................................

५. तिमीले पढ्ने विद्यालय जान कति समय लाग्छ ? कसरी जान्छौं ?

उत्तर :..........................................................................................................

६. शिक्षकले पढाएको बुझ्न कुनै अप्ठ्यारो परेको छ ? छ भने कस्तो ? नबुझेको कुरा शिक्षकसँग सोध्ने गरिन्छ कि गरिदैन ? किन ?

उत्तर :..........................................................................................................

७. के तिमी विद्यालयमा गैर-दलित विद्यार्थीसँग बस्ने गरेका छौं ? बस्दछौं भने तिनीहरुले कस्तो व्यवहार गर्ने गर्दछन् ? र बस्दैनौं भने किन ?

उत्तर :..........................................................................................................

८. विद्यालयमा तिनीहरुलाई शिक्षक र विद्यार्थीहरुले कस्तो व्यवहार गर्दछन् ?

उत्तर :..........................................................................................................

९. विद्यालयमा तिमीलाई कुन शिक्षक/शिक्षिका मन पर्छ ? मन किन पर्छ ? मन पर्दैन भने किन पर्दैन ?

उत्तर :.........................................................................................................

१०. घरमा तिमी कति समय अध्ययन गर्नमा बिताउँछौं ?

उत्तर :.........................................................................................................

११. बाबुआमाले छोराछोरीलाई केही भेदभाव गर्नु हुन्छ कि ?

उत्तर :.........................................................................................................

१२. कस्ता कुराहरु तिमीहरुलाई विद्यालय जानको लागि बाधक बनिरहेका छन् ?

उत्तर :.........................................................................................................

१३. के गरे देखि दलित केटाकेटीहरु नियमित विद्यालय जान सक्लान् ?

उत्तर :.........................................................................................................

## दलित बालबालिकाहरुको शिक्षामा सहभागिता

## अनुसूची ४

## प्र.अ. र शिक्षकहरुसँग अन्तर्वार्ताको लागि खुल्ला प्रश्वनावली

शिक्षकको नाम :-..................................................................................................

विद्यालयको नाम :-..............................................................................................

गा.वि.स. :-........................................... वडा नं. :-..............................

१. दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धि कुन स्तरमा देख्नु हुन्छ ? किन ?

उत्तर :.....................................................................................................

२. विद्यालयको शैक्षिक क्रियाकलापमा दलित विद्यार्थीहरुको सहभागिता कस्तो देख्नु हुन्छ ? अतिरिक्त क्रियाकलाप, कक्षा क्रियाकलाप, गृहकार्य, कक्षाकार्य आदि ।

उत्तर :.....................................................................................................

३.शिक्षण-सिकाई क्रियाकलाप गर्दा दलित र गैर-दलित विद्यार्थीहरुसँग कस्तो व्यवहार गर्नुहुन्छ ? किन ?

उत्तर :.....................................................................................................

४.दलितहरुको शिक्षामा सहभागिता बढाउनको लागि विद्यालयले कुनै प्रयास गरेको छ कि

उत्तर :.....................................................................................................

५.विद्यार्थीहरुलाई कक्षाकोठामा कस्तो उपचार दिनु हुन्छ ? सकारात्मक वा नाकारात्मक ,

उत्तर :.....................................................................................................

६.दलित विद्यार्थीहरुको शिक्षा सहभागिता कस्ता तत्वहरु बाधक बनिरहेका छन् जस्तो लाग्छ ?

उत्तर :.....................................................................................................

७.दलित विद्यार्थीहरु र अभिभावकहरुको विद्यालय शिक्षालाई कतिको महत्वका साथ रहेको पाउनुहुन्छ ?

उत्तर :.....................................................................................................

८.के गरे दलितहरुले पनि शिक्षामा समान अवसर पाउलान जस्तो लाग्छ ? केही सुझाव दिन चाहनुहुन्छ कि ?

उत्तर :.....................................................................................................

९.के दलित विद्यार्थीहरुको क्रियाकलापबाट हीनताबोध भएको पाउनुहुन्छ ?

उत्तर :..........................................................................................................

१०. सबै दलित विद्यार्थीहरुलाई विद्यालयमामा ल्याउन के गर्नुपर्ला ?

उत्तर :..........................................................................................................

## दलित बालबालिकाहरुको शिक्षामा सहभागिता

## अनुसूची ५

## अभिभावकहरुसँग अन्तर्वार्ताको लागि खुल्ला प्रश्नावली

उत्तरदाताको नाम :-

..................................................लिङ्क..............................

उमेर :......................... गा.वि.स. :-............................ वडा नं. :-

......................

घरको बनाबट :-...................... परिवारको किसिम (एकल) (संयुक्त) :-

....................

१. परिवारको विवरण

| क्र. सं. | नाम | उमेर | लिङ्ग | उत्तरदातासँगको सम्बन्ध | विद्यालय जाने (अध्ययन गर्ने कक्षा) | शैक्षिक योग्यता | पेसा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

२. तपाईको शैक्षिक अवस्थाका बारेमा केही बताउनु हुन्छ कि ?

उत्तर :...................................................................................................

३. जीविकोपार्जनका लागि के गर्नुहुन्छ ? कामको अवस्था कस्तो छ ? आफ्नो कामप्रति तपाई सन्तुष्ट हुनुहुन्छ कि हुनुहुन्न ? किन ?

उत्तर :...................................................................................................

४. तपाईको परिवारको वार्षिक आम्दानीको स्रोत के-के होला ? के त्यो आम्दानीको स्रोत परिवारका लागि प्रर्याप्त छ ? किन ?

उत्तर :...................................................................................................

५. विद्यालय उमेरका सबै छोराछोरी विद्यालय जान्छन् /जाँदैनन् ? किन ?

उत्तर :...................................................................................................

६. छोराछोरीलाई विद्यालय पठाउनमा वा नपठाउनमा के फरक छ ?

उत्तर :...................................................................................................

७. तपाईले छोराछोरीहरुको लागि शैक्षिक सामग्रीहरु दिन सकिरहनु भएको छ ?

उत्तर :...............................................................................................

८. तपाईको छोराछोरीको शिक्षामा के-कस्ता कुराहरुले प्रभाव छन् जस्तो लाग्छ ?

उत्तर :...........................................................................................

९. विद्यालयमा गै-दलित विद्यार्थीहरु र शिक्षकहरुले तपाईका छोराछोरीसँग गर्ने व्यवहारबारे तपाईको के विचार छ ?

उत्तर :..............................................................................................

१०. दलित केटाकेटीहरुको शैक्षिक अवस्थामा अझ सुधार ल्याउनको लागि तपाई कस्तो सुझाव दिन चाहनुहुन्छ ?

उत्तर :............................................................................................

११. तपाईले आफ्ना सबै छोराछोरीहरुलाई विद्यालय पठाउनु भएको छ कि छैन ? किन ?

उत्तर :...............................................................................................

**दलित बालबालिकाहरुको शिक्षामा सहभागिता**

**तालिका नं. ६**

**प्राथमिक तहमा दलित विद्यार्थीहरुको कक्षागत प्राप्ताङ्क विवरण**

| विद्यालयको नाम | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| | प्राप्ताङ्क % | प्राप्ताङ्क % | प्राप्ताङ्क % | प्राप्ताङ्क % | प्राप्ताङ्क % |
| श्री प.वि.उ.मा.वि. राजविराज | ४१.११ | ३८.७८ | ४७.८७ | ३५.३४ | ४६.६५ |
| श्री के.अ.मा.वि. राजविराज | ३६.१२ | ३५.३४ | ३८.७८ | ४०.३४ | ४८ |
| श्री ज.चे.उ.मा.वि. घोंघिदाहा | ३५.५ | ४४.६६ | ४६.३३ | ३७.१७ | ४४.७ |
| श्री लु.ल.स.ज.उ.मा.वि. तेरहौता | ४८.३३ | ४३.८३ | ४९.५ | ५३.८२ | ६८ |
| औसत प्राप्ताङ्क प्रतिशत | ४०.२६ | ४०.६५ | ४५.६२ | ४१.६६ | ५१.८३ |

(स्रोत : स्थलगत सर्वेक्षण, २०७१)

**दलित बालबालिकाहरुको शिक्षामा सहभागिता**

**तालिका नं. ७**

**प्राथमिक तहमा दलित तथा गैर दलित विद्यार्थीहरुले प्राप्त गरेको औसत प्राप्ताङ्क विवरण**

| कक्षा | दलित विद्यार्थीहरुको प्राप्ताङ्क % | गैर दलित विद्यार्थीहरुको प्राप्ताङ्क |
|---|---|---|
| १ | ४०.२६ | ५४.७४ |
| २ | ४०.६५ | ५२.३५ |
| ३ | ४५.६२ | ५४.३८ |
| ४ | ४१.६६ | ५३.३४ |
| ५ | ५१.८३ | ४६.१७ |

(स्रोत : स्थलगत सर्वेक्षण, २०७१)

**दलित बालबालिकाहरुको शिक्षामा सहभागिता**

**तालिका नं. ६**

**नि.मा.वि. र मा.वि. तहका दलित विद्यार्थीहरुले प्राप्त गरेको कक्षागत प्राप्ताङ्क**

**प्राथमिक तहमा दलित विद्यार्थीहरुको कक्षागत प्राप्ताङ्क विवरण**

| विद्यालयको नाम | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ९ | कक्षा १० |
|---|---|---|---|---|---|
| | प्राप्ताङ्क % | प्राप्ताङ्क % | प्राप्ताङ्क % | प्राप्ताङ्क % | प्राप्ताङ्क % |
| श्री प.वि.उ.मा.वि. राजविराज | 33.3 | 40.33 | 45.2 | 50.12 | 47.12 |
| श्री के.अ.मा.वि. राजविराज | 20 | 40 | 10 | 25 | 60 |
| श्री ज.चे.उ.मा.वि. घोघिदाहा | 60 | 50 | 25 | 40 | 20 |
| श्री लु.ल.स.ज.उ.मा.वि. तेरहौता | 33.33 | 61.42 | 40 | 25 | 16.6 |
| औसत प्राप्ताङ्क प्रतिशत | 36.65 | 50.43 | 30.05 | 35.03 | 35.93 |

(स्रोत : स्थलगत सर्वेक्षण, २०७१)